# बडिमालिका नगरपालिकाको रोजगार रणनीति

(आ. व. २०८२/०८३ - २०८६/०८७ सम्म)

बडिमालिका नगरपालिका

मार्तडी, बाजुरा

२०८२

Scanned with CamScanner

## विषय सूची

१. रणनीतिक सन्दर्भ ........ १
१.१. पृष्ठभूमिः ........ १
१.३. रोजगार रणनीतिको आवश्यकता/औचित्यः ........ ३
१.४. अध्ययन पद्धतिः ........ ५
१.५. अध्ययनको क्षेत्रः ........ ५
१.६. सीमा : ........ ६
खण्ड - २ ........ ७
२.१. वर्तमान अवस्थाको विश्लेषण ........ ७
खण्ड - ३ ........ १२
३.१. रणनीतिक विश्लेषण ........ १२
खण्ड - ४ ........ १५
४.१ रणनीतिक सवालहरू ........ १५
खण्ड - ५ ........ १६
५.१ दूरदृष्टि ध्येय र उद्देश्य ........ १६
खण्ड - ६ ........ १७
रणनीतिक लक्ष्यहरू ........ १७
खण्ड - ७ ........ १८
७.१. रणनीतिक स्तम्भ, प्रमुख रणनीतिहरूः ........ १८
खण्ड - ८ पाँच वर्षको रणनीतिक कार्ययोजना (२०८२/०८३ - २०८६/०८७) ........ २१
खण्ड - ९ ........ ४५
स्रोत परिचालन र बजेटको व्यवस्थापन ........ ४५
खण्ड -१० ........ ४६
रणनीतिक योजनाको निर्देशक समिति अनुगमन र मूल्याङ्कनसम्बन्धी व्यवस्था ........ ४६
खण्ड - ११ ........ ४८
जोखिम व्यवस्थापन : ........ ४८

Scanned with CamScanner

## १. रणनीतिक सन्दर्भ

### १.१. पृष्ठभूमिः

नेपालको संविधानले रोजगारीलाई नागरिकको मौलिक हकको रूपमा परिभाषित गर्दै राज्यका नीतिहरू अन्तर्गत श्रम र रोजगारलाई मर्यादित, सुरक्षित र उत्पादनमुखी बनाउनुपर्ने दायित्व सिर्जना गरेको छ। धारा ३३, ३४ र ५१(झ) ले रोजगारीको हक, श्रमको हक र श्रमिक हक संरक्षण, सीप विकास, उद्यमशीलता प्रवर्द्धन तथा समावेशी रोजगार सिर्जनालाई नीति निर्माणको प्राथमिकतामा राखेको छ। यस्तै, अन्तर्राष्ट्रिय श्रम संगठनका अभिसन्धि तथा दिगो विकास लक्ष्यले पनि मर्यादित, सुरक्षित र दिगो रोजगारी प्रवर्द्धनमा स्थानीय सरकारको भूमिकालाई थप सशक्त बनाएका छन्। वैदेशिक रोजगार, सीपयुक्त जनशक्ति विकास र विप्रेषणको उत्पादनमुखी उपयोग जस्ता विषयले रणनीतिक हस्तक्षेपको आवश्यकता देखाएका छन्।

स्थानीय तहमा रोजगार रणनीति तयार गर्नका लागि नेपालको संविधान, सम्बन्धित कानुन तथा नीतिगत दस्तावेजहरूले सशक्त र स्पष्ट आधार प्रदान गरेका छन्। स्थानीय सरकार सञ्चालन ऐन, २०७४ अन्तर्गत स्थानीय तहलाई बेरोजगारी तथ्याङ्क सङ्कलन, श्रम बजार सूचना प्रणाली, रोजगार सेवा केन्द्र सञ्चालन, वैदेशिक रोजगार तयारी तथा सामाजिक पुनःएकीकरणजस्ता कार्यको जिम्मेवारी दिइएको छ। यसले स्थानीय तहलाई रोजगार प्रवर्द्धनसँग सम्बन्धित योजना तथा कार्यक्रम सञ्चालन गर्ने अधिकारसहितको संवैधानिक तथा कानुनी हैसियत दिएको छ। साथै, रोजगारीको हकसम्बन्धी ऐन, २०७५ र त्यससँग सम्बन्धित नियमावलीले स्थानीय तहलाई बेरोजगारलाई सहायता दिने, रोजगार विनिमय सेवा सञ्चालन गर्ने र रोजगारीमा भेदभाव भए उजुरी व्यवस्थापन गर्ने स्पष्ट अधिकार प्रदान गरेका छ।

यी सबै कानुनी र नीतिगत पृष्ठभूमिमा आधारित रही, स्थानीय तहमा रोजगार रणनीति तयार गर्नु वर्तमान आवश्यकता मात्र नभई दायित्व पनि हो। संघ, प्रदेश र स्थानीय तहवीच सहकार्य, सहअस्तित्व र समन्वयको सिद्धान्तअनुसार काम गर्दै स्रोत-साधनको अधिकतम प्रयोग तथा श्रम बजारको आवश्यकताअनुसार योजना निर्माण गर्नु अनिवार्य छ। रोजगारीको क्षेत्रमा देखिएका अवसर र चुनौतीहरूलाई सम्बोधन गर्दै श्रमिक हक संरक्षण, प्रतिस्पर्धी श्रमशक्ति विकास, उद्यमशीलता अभिवृद्धि तथा सामाजिक सुरक्षा विस्तार गर्ने उद्देश्यले रोजगार रणनीति तयार गर्न स्थानीय तह अग्रसर हुनु आवश्यक छ। यही पृष्ठभूमिमा स्थानीय तहले व्यावहारिक, सहभागितामूलक र परिणाममुखी रोजगार रणनीति तयार गर्न सक्ने सामर्थ्य र जिम्मेवारी प्राप्त गरेको छ।



Scanned with CamScanner

## १.२. विघ्यमान नीतिगत तथा कानुनी व्यवस्थाः

### क) संवैधानिक व्यवस्थाः

नेपालको संविधानले श्रम, रोजगारी र सामाजिक सुरक्षालाई मौलिक हकका रूपमा सुनिश्चित गरेको छ। धारा ३३ अनुसार प्रत्येक नागरिकलाई छनोटको अवसरसहित रोजगारीको हक र धारा ३४ मा श्रमिकलाई उचित श्रम अभ्यास, पारिश्रमिक, ट्रेड युनियनमा सहभागी हुने र सामाजिक सुरक्षाको हक प्रदान गरिएको छ। यसका साथै धारा ४३ ले विपन्न, अपाङ्गता भएका, एकल महिला तथा लोपोन्मुख जातिका नागरिकलाई सामाजिक सुरक्षाको हक सुनिश्चित गरेको छ।

यसैगरी, धारा ५१ (झ) मा श्रम तथा रोजगारसम्बन्धी नीतिहरूमा देशको मुख्य सामाजिक आर्थिक शक्तिको रूपमा रहेको श्रम शक्तिलाई दक्ष र व्यावसायिक बनाउने र स्वदेशमा नै रोजगारी अभिवृद्धि गर्ने, मर्यादित श्रमको अवधारणा अनुरुप सबै श्रमिकको आधारभूत अधिकार सुनिश्चित गर्दै सामाजिक सुरक्षा प्रत्याभूत गर्ने र श्रमिक उद्यमी र व्यवसाय विच असल सम्बन्ध कायम गर्दै व्यवस्थापनमा श्रमिकको सहभागिता प्रोत्साहन गर्ने वैदेशिक रोजगारीलाई शोषणमुक्त सुरक्षित र व्यवस्थित गर्न तथा श्रमिकको रोजगारी र अधिकारको प्रत्याभूत गर्न यस क्षेत्रको नियमन र व्यवस्थापन गर्ने साथै वैदेशिक रोजगारीवाट आर्जन भएको पुँजी सीप प्रविधि र अनुभवलाई स्वदेशमा उत्पादनमूलक क्षेत्रमा लगाउन प्रोत्साहन गर्ने नीति रहेको उल्लेख गरिएको छ। त्यस्तै, धारा ५१ (ञ) मा असहाय, एकल महिला तथा विपन्न वर्गलाई रोजगारीमा प्राथमिकता दिँदै सामाजिक न्याय र समावेशीकरणको सुनिश्चितता गरिएको छ।

नेपालको संविधानको अनुसूची ५ देखि ९ सम्म तीनवटै तहको सरकारको अधिकार सूची व्यवस्थित गरिएको छ जस अन्तर्गत अनुसूची ८ (१७) मा बेरोजगारको तथ्याङ्क संकलनको विषय स्थानीय तहको अधिकारक्षेत्र उल्लेख गरिएको छ भने अनुसूची ९ (१०) मा सामाजिक सुरक्षा र गरिबी निवारणको विषय संघ, प्रदेश र स्थानीय तहको साझा अधिकार क्षेत्रको सूचीमा उल्लेख गरिएको छ

### ख) नीतिगत तथा कानुनी व्यवस्थाः

- वैदेशिक रोजगारीलाई सुरक्षित, व्यवस्थित र मर्यादित बनाउने लक्ष्य एवम् नेपालको जनशक्तिलाई अन्तर्राष्ट्रिय श्रम बजारको मागअनुसार सीप विकास गरी दक्ष र प्रतिस्पर्धी बनाउने उद्देश्यसहित वैदेशिक रोजगार नीति, २०६८ र श्रमशक्तिलाई उत्पादनशील र सुरक्षित रोजगारीमा संलग्न गराई अर्थतन्त्र सबल बनाउने तथा गरिबी निवारणमा योगदान पुऱ्याउने दृष्टिकोण सहित राष्ट्रिय रोजगार नीति, २०७१ लागू गरिएको छ। यसैगरी, कार्यस्थलमा श्रमिकको सुरक्षा, स्वास्थ्य र वातावरणमा सुधार ल्याउने र व्यवसायजन्य जोखिम न्यूनीकरण गर्ने उद्देश्यले राष्ट्रिय व्यवसायजन्य सुरक्षा तथा स्वास्थ्य नीति, २०७६ कार्यान्वयननमा रहेको छ। यी नीतिहरूले नेपाली श्रम बजारलाई दक्ष, सुरक्षित र सामाजिक न्यायमा आधारित बनाउने प्रयत्न गरेका छन्।

हाजर प्रमुख



Scanned with CamScanner

➢ प्रत्येक नागरिकलाई रोजगारीको हक सुनिश्चित गर्न आफ्नो क्षमता अनुसारको रोजगारी छनोट गर्न अवसर प्रदान गर्न तथा रोजगारीको शर्त अवस्था तथा बेरोजगार सहायतासम्बन्धी आवश्यक व्यवस्था गर्न रोजगारी हक सम्बन्धी ऐन र नियमावली, २०७५ कार्यान्वयननमा रहेको छ। आन्तरिक श्रम प्रशासनलाई व्यवस्थित बनाई सबै किसिमको विभेद अन्त्य गर्दै असल औद्योगिक श्रम सम्बन्ध स्थापित गर्न बोनस ऐन र नियमावली, २०३९, ट्रेड युनियन ऐन, २०४९ नियमावली, २०५०, बालश्रम (निषेध र नियमित) गर्ने ऐन, २०५६, नियमावली, २०६२, श्रम ऐन, २०७४ र नियमावली, २०७५ कार्यान्वयननमा रहेका छन्।

➢ वैदेशिक रोजगारीलाई सुरक्षित, मर्यादित र व्यवस्थित बनाउने उद्देश्यले वैदेशिक रोजगार ऐन, २०६४ र नियमावली, २०६४ वैदेशिक रोजगार न्यायधिकरण नियमावली २०६८ कार्यान्वयननमा रहेका छन्। संविधानमा मौलिक हकको रूपमा स्थापित श्रमको हकअन्तर्गत रहेको योगदानमा आधारित सामाजिक सुरक्षालाई प्रत्याभूत गर्न योगदानमा आधारित सामाजिक सुरक्षा ऐन, २०७४ नियमावली, २०७५ कार्यन्वयनमा रहेका छन्।

➢ संविधानबमोजिम स्थानीय तहको अधिकारसम्बन्धी व्यवस्था कार्यान्वयनन गर्न, रोजगार सेवा, रोजगारी प्रवर्द्धन र बेरोजगारहरूको तथ्याङ्क संकलनलगायतका विषयमा संघ, प्रदेश र स्थानीय तह बिचको सहकारिता, सहअस्तित्व र समन्वयलाई प्रवर्द्धन गदै सुलभ र गुणस्तरीय सेवा प्रवाह गर्न स्थानीय सरकार सञ्चालन ऐन, २०७४ कार्यान्वयननमा रहको छ।

➢ श्रम, रोजगार तथा सामाजिक सुरक्षासँग सम्बन्धित माथि उल्लेखित ऐन र नियमावलीबमोजिम संघ, प्रदेश र स्थानीय तहमा विभिन्न कार्यविधि, मापदण्ड, निर्देशिका तर्जुमा भई कार्यान्वयननमा रहेका छन्।

**१.३. रोजगार रणनीतिको आवश्यकता/औचित्यः**

स्थानीय तहमा दिगो, समावेशी र मर्यादित रोजगारीको प्रवर्द्धन गर्नु आजको अत्यन्त महत्वपूर्ण आवश्यकता बनेको छ। एकातिर उत्पादनशील उमेर समूहको ठूलो हिस्सा बेरोजगार रहनु र अर्कोतर्फ सीपयुक्त जनशक्तिको अभाव, श्रम बजारको माग र आपूर्तिबीचको असन्तुलन, र लगानीमैत्री वातावरणको अभावले गर्दा श्रम शक्ति विदेश पलायन भइरहेको यथार्थ हाम्रो सामु प्रष्ट देखिन्छ। यसले जनशक्ति र सीपको मूल्यवान पूँजीलाई निरन्तर गुमाउने अवस्था सिर्जना गरेको छ। स्थानीय तहले जनशक्तिको समुचित उपयोग गरी रोजगारी सृजना गर्नुपर्ने संवैधानिक, कानुनी तथा नैतिक दायित्व वहन गरिरहेको सन्दर्भमा रोजगार रणनीति तर्जुमा अपरिहार्य भएको हो।

स्वरोजगारमा आधारित उद्यमशीलता प्रवर्द्धनसम्बन्धी नीति तथा कार्यक्रमको समय सापेक्ष परिमार्जन एवम् प्रभावकारी कार्यन्वयनको अभाव, रोजगार, बेरोजगार, दक्ष, अर्धदक्ष र अदक्ष श्रमशक्तिको तथ्याङ्क सङ्कलन, प्रशोधन र सूचना प्रालिको स्थापनाका विषयहरूले गति लिन नसक्नु, आन्तरिक श्रम बजारको



Scanned with CamScanner

मागको सम्बोधन र युवा जनशक्तिलाई स्वदेशमै श्रम बजारमा समायोजन गर्न नसक्नु लगायतका समस्याहरूले गर्दा धेरै युवाहरू आफ्नो जीवन, श्रम र भविष्यका लागि देश छोड्न बाध्य भैरहेका छन्। संघात्मक राज्य व्यवस्था प्रणालीको अभ्यासको चरणमा नागरिकको रोजगारीको हक सुनिश्चित गर्न र दिगो विकासको आधार तयार गर्नका लागि समेत तहगत सरकारहरूको कार्यसम्पादनमा सामञ्जस्यता कायम गर्ने विषय चुनौतिपूर्ण बन्दै गैरहेको छ।

अतः तिनै तहको सरकारका दिर्घकालिन, आवधिक एवम् वार्षिक योजना तथा कार्यक्रमहरुले परिलक्षित गरेका लक्ष्यहरूका बिचमा तादम्यता कायम गर्न, श्रम र रोजगारीको क्षेत्रमा देखिएका विद्यमान समस्याहरूको उजागर एवम् चुनौतीहरूको आंकलन गर्दै हालसम्म प्राप्त उपलब्धीहरू, असल अभ्यासहरूका आधारमा स्थानीय तहबाट प्रवाह गरिने सेवाहरूलाई समय सापेक्षा रुपान्तरण गर्न, श्रम तथा रोजगारीका सम्बन्धमा संघीय, प्रादेशिक सरकारको दिर्घकालिन सोंचसँग तादम्यता हुनेगरी रणनीति तय गर्न र विध्यमान नीति तथा कानुनी व्यवस्थालाई एकीकृत एवम् प्रभावकारी रूपमा कार्यन्वयन गर्दै मर्यादित श्रम, उत्पादनशील रोजगारी र दिगो सामाजिक सुरक्षासहितको समृद्धि हासिल गर्न टेवा पुर्याउनका लागि यो रोजगार रणनीति तयार गरिको हो। प्रस्तुत सन्दर्भमा यस रोजगार रणनीतिको आवश्यकता र औचित्यलाई देहायबमोजिम उल्लेख गरिएको छ।

- संघ, प्रदेश र स्थानीय सरकारका विकास कार्यक्रमहरू बिच सामञ्जस्यता कायम गरी तिनीहरूको प्रभावकारी कार्यन्वयन गर्दै श्रम, रोजगार तथा सामाजिक सुरक्षासँग सम्वन्धित दिर्घकालिन राष्ट्रिय लक्ष्य प्राप्तिको लागि योगदान गर्न।
- स्थानीय श्रम बजारको माग र आपूर्ति विश्लेषण गरी समय सापेक्ष नीति, कानुन तथा योजना तर्जुमा एवम् आन्तरिक रोजगारी प्रवर्द्धनका लागी श्रम बजार सूचना प्रणालीको सुदृढीकरण गर्न।
- मर्यादित रोजगारीको वातावरण निर्माणका लागि रोजगारीको गुणस्तर सुधार, सीप विकास, प्राविधिक शिक्षाको प्रवर्द्धन र जनशक्ति परिचालन लगायतका विषयहरूमा रणनीतिक मार्गनिर्देशन गर्न।
- सीपयुक्त जनशक्तिलाई स्वदेशमै रोजगारीमा समायोजन गरी वैदेशिक पलायन न्यूनीकरण गर्न र वैदेशिक रोजगारीबाट फर्केका श्रमिकको सीप, अनुभव र पूँजीलाई उत्पादनशील क्षेत्रमा उपयोग गर्न।
- रोजगारी सृजनासँग सम्बन्धित पूर्वाधार विकास, लगानी आकर्षण, तथा निजी क्षेत्रको सहभागिता अभिवृद्धि गर्दै रोजगारीमार्फत सामाजिक सुरक्षा, गरिवी निवारण, आर्थिक समावेशीकरण र दिगो विकासको आधार तयार गर्न।
- रोजगारीको अवसरमा सबै वर्गको पहुँच सुनिश्चित गर्दै समावेशी, मर्यादित र दिगो रोजगार सेवा सुनिश्चित गर्न।

नगर प्रमुख

➢ सार्वजनिक रोजगार सेवाको सुदृढीकरण गर्दै रोजगार सेवालाई जवाफदेही, पारदर्शी, जनमुखी, प्रविधि मैत्री एवम् व्यावसायिक बनाई सुशासन प्रवर्द्धन गर्न।

### १.४. अध्ययन पद्धतिः

यस नगरपालिकाको रोजगार रणनीति तयार गर्न गुणात्मक र परिमाणात्मक दुवै अध्ययन पद्धति अपनाइएको छ। अध्ययनको उद्देश्य स्थानीय स्तरमा विद्यमान रोजगारीको अवस्था, अवसर, चुनौती तथा स्रोत साधनको पहिचान गरी व्यवहारिक र आवश्यकता अनुरूप रणनीति निर्माण गर्नु हो। यसका लागि प्राथमिक सूचना/जानकारी संकलन गर्न वडा र नगरपालिका स्तरका जनप्रतिनिधि, रोजगार समन्वयकर्ता, निजी क्षेत्रका प्रतिनिधि, स्थानीय युवाहरू, सीप तालिम प्रदायक संस्था, श्रमिक संघ तथा अन्य सरोकारवालासँग अन्तरवार्ता, समूह छलफल तथा प्रत्यक्ष अवलोकन विधिहरू प्रयोग गरियो। साथै, श्रम रोजगारसम्बन्धी द्वितीय सूचना/जानकारीहरू नेपाल सरकार, प्रदेश सरकार, स्थानीय तह, अन्तर्राष्ट्रिय श्रम संगठन, लगायतका संघ, संस्था, निकायहरूको नीतिगत, कानुनी दस्तावेज तथा अन्य अध्ययन प्रतिवेदनहरूलाई आधार मानेर संकलन गरियो।

प्राथमिक सूचना/जानकारी संकलनका लागि स्थानीय तहको रोजगार रणनीति निर्माणसम्बन्धी मार्गदर्शन, २०८० को अनुसूची २ र ३ बमोजिम संरचित प्रश्नावली, अन्तरवार्ता मार्गदर्शक, तथा आवश्यकताका आधारमा चेकलिष्टको प्रयोग गरिएको थियो। प्राप्त जानकारीलाई विषयगत रूपमा वर्गीकरण गरी आवश्यकता, स्रोत र सम्भावनाको आधारमा विश्लेषण गरियो। अध्ययन प्रक्रियामा स्थानीय तहका प्रतिनिधिहरू, सरोकारवालाहरू र विषय विज्ञहरूको समेत सहभागिता सुनिश्चित गरी रणनीति तर्जुमा समावेशी र सहभागितामूलक बनाइएको छ। यसले रणनीति व्यवहारमा कार्यान्वयननयोग्य र स्थानीय सन्दर्भमा सान्दर्भिक हुने सुनिश्चित गरेको छ।

### १.५. अध्ययनको क्षेत्रः

बडिमालिका नगरपालिका रोजगार रणनीति तर्जुमाको सन्दर्भमा अध्ययन क्षेत्रको रूपमा नगरपालिकाको सामाजिक, आर्थिक, भौगोलिक र संस्थागत पाटोलाई समेट्ने गरी निर्धारण गरिएको छ। यसमा नगरपालिका अन्तर्गत रहेका ९ वटै वडाहरूलाई समेट्दै विभिन्न सामाजिक, आर्थिक पृष्ठभूमिका जनसंख्याको अवस्था, रोजगारीको पहुँच, सीपस्तर, श्रम आपूर्ति र मागको अवस्थालाई समग्रमा बुझ्ने प्रयास गरिएको छ।

यस अध्ययनले बडिमालिका नगरपालिकाको कृषि, पशुपालन, सेवा, पर्यटन, निर्माण, वैदेशिक रोजगार, लघु उद्यम तथा स्वरोजगार क्षेत्रहरूमा रहेको रोजगार अवसरहरूको पहिचान र विश्लेषणलाई मुख्य आधार बनाएको छ। साथै, नगरपालिकाभित्र रहेका सीप, तालिम प्रदायक संस्था, वित्तीय संस्थाहरू, रोजगारीसम्बन्धी सरकारी तथा गैरसरकारी कार्यक्रमहरूको पहुँच र प्रभावकारिता पनि अध्ययनको

नगर प्रमुख



Scanned with CamScanner

क्षेत्रभित्र समावेश गरिएको छ। जनसंख्याको उमेर समूह, लिङ्ग, शिक्षा, सीपस्तर र आर्थिक स्थिति जस्ता सूचकहरूलाई ध्यानमा राखी रोजगारीको वर्तमान अवस्था र सम्भावनाहरू पहिचान गरिएका छन्। अध्ययन क्षेत्र अन्तर्गत स्थानीय युवाहरूको वैदेशिक रोजगारीतर्फको आकर्षण, महिला तथा विपन्न वर्गको रोजगारीमा पहुँच, आप्रवासी श्रमिकहरूको स्थिति, तथा मौसमी रोजगारीका स्वरूपहरूबारे समेत अध्ययन गरिएको छ। नगरपालिकामा रोजगारी सृजनाका लागि आवश्यक नीति, कार्यक्रम, लगानीको सम्भाव्यता, र निजी क्षेत्रसँगको सहकार्यका सम्भावनाहरू समेत अध्ययन क्षेत्रभित्र समावेश गरिएको छ। यसले स्थानीय आवश्यकता र अवसरका आधारमा व्यवहारिक, समावेशी र दीगो रोजगार रणनीति तर्जुमा गर्न मद्दत गर्ने अपेक्षा गरिएको छ।

## १.६. सीमा :

बडिमालिका नगरपालिकाको रोजगार रणनीति तयार गर्दा अध्ययनको सीमा स्पष्ट रूपमा निर्धारण गरिएको छ ताकि रणनीतिले व्यावहारिक, सान्दर्भिक र कार्यान्वयननयोग्य मार्गनिर्देशन प्रदान गर्न सकोस्। यो अध्ययन नगरपालिकाको भौगोलिक सीमाभित्र सीमित छ, जसमा नगरभित्रका ९ वडाहरू समेटिएका छन्। अध्ययनले स्थानीय तहको सामाजिक, आर्थिक, भौगोलिक तथा पूर्वाधार अवस्थालाई ध्यानमा राखी रोजगारीको अवस्था, अवसर, आवश्यकता र चुनौतीहरू पहिचान गर्ने प्रयास गरेको छ।

यस अध्ययनले रोजगारसँग सम्वन्धित मुख्य क्षेत्रहरूमा केन्द्रित रहँदै कृषि, पर्यटन, घरेलु उद्योग, निर्माण, सेवा क्षेत्र, युवा उद्यमशीलता, सीप विकास तथा वैदेशिक रोजगारसम्वन्धी पक्षहरू समेटेको छ। अध्ययनको केन्द्रविन्दु रोजगारी सिर्जना गर्ने सम्भावनाहरू पहिचान गर्नु हो, त्यसैले अनौपचारिक क्षेत्रका कामदार, विपन्न समुदायका युवाहरू, महिला, अपाङ्गता भएका व्यक्तिहरू लगायत रोजगारमा पहुँच कम भएका वर्गलाई विशेष प्राथमिकता दिइएको छ।

अध्ययनको समयसीमा, स्रोत र उपलब्ध तथ्याङ्कको सीमिततालाई ध्यानमा राखी केही पक्षहरूमा गहिरो विश्लेषण सम्भव नहुन पनि सक्छ। साथै, रणनीति तर्जुमा गर्दा समावेश गरिएका सुझावहरू संकलनको समयमा उपलब्ध सहभागीहरूको अनुभव र धारणा आधारित रहेकाले समयानुकूल अद्यावधिक आवश्यक हुन सक्छ। तथापि, अध्ययनले नगरपालिकाको सन्दर्भअनुसार व्यवहारिक, सहभागितामूलक र कार्यान्वयननमुखी रणनीतिक खाका प्रस्तुत गर्ने लक्ष्य राखेको छ।

### २.१. वर्तमान अवस्थाको विश्लेषण

सुदुरपश्चिम प्रदेशको बाजुरा जिल्लामा रहेका ९ वटा स्थानीय तहहरू मध्ये एक बडिमालिका नगरपालिका समुद्री सतह देखि १०८० मिटर देखि ४३६० मि. सम्म फैलिएको छ। यो नगरपालिको अधिकांश भूभाग उच्च पहाडी क्षेत्र भित्र पर्दछ। एक ऐतिहासिक,साँस्कृतिक एवम् प्रशासनिक नगरेको रूपमा रहेको यो नगरपालिकामा सामाजिक संरचना, समुचित पूर्वाधार, तथा श्रमशक्ति साधनको भरपुर सम्भावना रहेको छ। स्थानीय आर्थिक विकास, रोजगार प्रवर्द्धन, सेवा प्रवाह र समावेशी सामाजिक विकासका क्षेत्रमा उल्लेखनीय योगदान पुऱ्याउने क्षमता बोकेको यस नगरपालिकाको क्षेत्रफल २७६ वर्ग कि.मि रहेको छ। देहायका विषयहरूको विश्लेषण राष्ट्रिय जनगणना २०७८, राष्ट्रिय कृषि गणना २०७८ को तथ्याङ्कको आधारमा गरिएको छ।

### २.१.१. भू-उपयोग र कृषि उत्पादन

कुल २७६ वर्ग किलो मिटर क्षेत्रफलमा फैलिएको यो नगरपालिकाको अधिकांश भूभाग उच्च पहाडी क्षेत्रमा पर्दछ यस नगरपालिकामा वनजंगलले मात्र ६० प्रतिशत भुभाग ओगटेको छ। घासे भुभाग, वुटयान र उजाड भुभागले पनि २८.३३ प्रतिशत ओगटेको छ। चट्टानले ०.०७ प्रतिशत ओगटेको छ। बडिमालिका नगरपालिकामा कृषि तथा भू-उपयोगको अवस्था ग्रामीण र पहाडी क्षेत्रको विशेषतासहित विविध र सीमित स्रोत साधनमा आधारित रहेको पाइन्छ। राष्ट्रिय कृषि गणना २०७८ अनुसार नगरपालिकाभित्रका ७ वटा वडालाई आधार मानेर लिईएको तथ्याङ्कका आधरमा हेर्ने हो भने सार्वजनिक भू-क्षेत्र अन्तर्गत चौरचरण/खर्क १७ हेक्टर क्षेत्रफलमा, बन क्षेत्र २१ वटा छन् जसले ४,४३९.५ हेक्टर र खाली जग्गा अत्यन्तै कम १.७ हेक्टर क्षेत्रफल ओगटेको छ।

कृषि उत्पादनको दृष्टिले यहाँको प्रमुख खाद्यान्न बालीको रूपमा धान, कोदो, मकै र तेल बालीमा तोरी सर्स्यु, दलहन बालीमा भटमास, मास, सिमि, मसला बाली मध्ये खुर्सानी, लसुन, अदुवा र बेसार, तरकारी बालीमा आलु, गोलभेडा र फलफूलतर्फ सुन्तला, कागती, आँप, केरा, स्याउ जस्ता बाली सीमित वडामा उत्पादन भइरहेका पाइन्छ। पशुपालनतर्फ गाई, भैसीको दुध उत्पादन हुने गरेको देखिन्छ भने खसी, कुखुरा मासु उत्पादन गर्नको लागि पालन गरेको पाइन्छ। कुखुराको अण्डा उत्पादन भने लगभग सबै वडाहरूमा हुँदै आएको पाइन्छ।

यस नगरपालिका अन्तर्गत कृषि उत्पादन तथा वितरण प्रणाली भने अपेक्षाकृत विकसित हुन् सकिरहेको छैन। १२ महिना मोटर चल्ने सडक अध्ययन गरिएका वडाहरूमा छैन, जसले बजार पहुँचमा बाधा पुर्याएको छ। यद्यपि ७ वटा कृषि समूह तथा सहकारी, ४ वटा बीउ विक्रेता, २ वटा औजार मर्मत केन्द्र लगायत आधारभूत सेवा केन्द्रहरू भने स्थापना भएका छन्। अतः उपलब्ध जमिनको विवेकपूर्ण



Scanned with CamScanner

उपयोग, कृषि यान्त्रीकरण, सहकारी सञ्जालको विस्तार र विपद् व्यवस्थापनसँगै यहाँको कृषि तथा रोजगारी क्षेत्रमा ठुलो सम्भावना देखिन्छ।

**२.१.२. जनसंख्या संरचना र उमेर समूहः**

यस नगरपालिकामा कुल ४०४६ परिवार संख्यामा विस्तारित भई १८,४१४ जना मानिसहरू बसोबास गर्दछन्। जसमध्ये पुरुष ९,२४९ (५०.२ प्रतिशत ) र महिला ९,१६५ (४९.८ प्रतिशत) छन्। लैङ्गिक अनुपात १००.९२ रहेको छ। वडागत लैङ्गिक अनुपात वडा ८ मा सबैभन्दा बढी पुरुष अनुपात (१०९.४), ४ मा सबैभन्दा कम (९२.५) रहेको छ। उमेर-आधारित संरचनामा देखिने उच्च १५-१९(११५०), २०-२४(२०-२४ पुरुष ८३७, महिला १०२८) र २५-२९(७१३/७२०) समूहमा केन्द्रित छ। कुल सक्रिय जनसंख्या(१५-५९) पुरुष ५,३२५; महिला ५,६७४, जम्मा १०,९९९। यसका साथै ६०+ उमेर समुहको जनसंख्या ३.६७ प्रतिशत रहेको छ।

विशेष गरी १५-१९, २०-२४ र २५-२९ वर्षका युवा वर्ग सबैभन्दा बढी छन्, जसले कामकाजी र आर्थिक रूपमा सबल जनशक्ति प्रस्तुत गर्दछ। यो उमेर समूहमा युवाहरूको संख्या ठूलो भएकाले यसले रोजगारको माग बढाउँछ। त्यस्तै, ६० वर्षभन्दा माथिका वृद्ध जनसंख्या पनि उल्लेखनीय छ, जसले सामाजिक सुरक्षा र स्वास्थ्य सेवा आवश्यकतालाई बढाउँछ। परिवार संरचनामा संयुक्त परिवारको अनुपात बढी रहेको छ, जसले सामाजिक सहकार्य र पारिवारिक व्यवसायमा सहयोग पुर्याउँछ। यस प्रकारको जनसंख्या युवा उमेर समूहको ठूलो अनुपातमा उपलब्ध हुनु जनसांख्यिक लाभको संकेत हो। जसले उपयुक्त सीप विकास र रोजगारी कार्यक्रममार्फत उत्पादनशील श्रमशक्ति निर्माण गर्दै रोजगारीका अवसरको मध्यमबाट बालबालिका, जेष्ठनागरिक र समावेशी समुहका लागि सामाजिक सुरक्षा योजनाका माध्यमबाट समृद्धिको आधार तयार गर्न उत्तम अवसर प्रदान गरेको छ।

**२.१.३. रोजगार संरचना र आर्थिक सक्रियताः**

आर्थिक रूपमा सक्रिय जनसंख्या १५-५९ उमेर समूहको जनसंख्या कुल १०,९९९ रहेकोमा ३५.८ प्रतिशत जनसंख्या ६ महिनाभन्दा बढी आर्थिक क्रियाकलापमा क्रियाशील छन्, २०.९ प्रतिशत ३ महिनाभन्दा कम र १३.६ प्रतिशत ३-६ महिना मात्रै संलग्न छन्। कुनै आर्थिक काम नगरेका समूह ३१.२ प्रतिशत जगाउँछ जसमा महिला ३१.७ प्रतिशत र पुरुष ३०.७ प्रतिशत छन्। निस्कृयताको कारणमा ४४.९ प्रतिशत विद्यार्थी, २३.३ प्रतिशत घरायसी काम, १३.३ प्रतिशत अन्य, ११.३ प्रतिशत वृद्ध, ५.३ प्रतिशत घरायसी कर्म, र ०.९ प्रतिशत अपाङ्गता रहेका छन्। क्षेत्रगत हिसावले रोजगारीको अवस्थालाई हेर्दा कृषिमा ७४.७ प्रतिशत केन्द्रित छन्, थोक व्यापार ९.३ प्रतिशत , निर्माण २.८ प्रतिशत , शिक्षा, सार्वजनिक प्रशासन र सेवा क्षेत्रमा २-३ प्रतिशत संलग्न रहेको पाइन्छ। पेशामा कृषिजन्य दक्ष कामदार ७१.४ प्रतिशत , सामान्य कामदार ११.८ प्रतिशत , सेवा र बिक्री कामदार मात्र ५.१ प्रतिशत , पेशाविद्हरू ३.५ प्रतिशत , व्यवस्थापक ३.३ प्रतिशत आदि रहेको पाइन्छ।



Scanned with CamScanner

गैरकृषि क्षेत्र जस्तै औद्योगिक एवं सेवा क्षेत्रमा रोजगारीका अवसरको विस्तार न्युन गतिमा भएको पाइन्छ। श्रम बजारको माग र आपूर्ति विश्लेषण गर्दा शारीरिक श्रम तथा कृषि कार्यमा मात्र रोजगार तुलनात्मक रूपमा बढी रहेको पाइन्छ भने, आधुनिकीकरण, कौशलमा आधारित उद्योग र सेवा क्षेत्रमा अवसरहरू न्यून रहको पाइन्छ। कृषि मजदूरतर्फको दैनिक ज्याला हेर्ने हो भने महिला रु ६८२, पुरुष रु ७०४ जसले ज्यालामा विभेदको स्पष्ट संकेत गर्दछ।

बडिमालिका नगरपालिकाबाट बैदेशिक रोजगारीका लागि विदेश गएका जनसंख्याको विश्लेषण गर्दा, मुख्यतया १५-३४ वर्ष उमेर समूहका युवा सर्वाधिक अनुपस्थित रहेको पाइन्छ, जसमा १५-२४ वर्षका ४१.३ प्रतिशत र २५-३४ वर्षका १८.९ प्रतिशत छन्। यो तथ्यले देखाउँछ कि सक्रिय र श्रम उत्पादन क्षमतायुक्त जनशक्ति बैदेशिक रोजगारीतर्फ आकर्षित भइरहेको छ। त्यस्तै, रोजगारीको खोजी २९.३ प्रतिशत र तलब ४०.९ प्रतिशत मुख्य कारण देखिन्छन्, जसले रोजगारीको स्थानीय अवसर अभाव र वैदेशिक रोजगारीमा आर्थिक लाभको अपेक्षालाई संकेत गर्छ। महिला अनुपस्थितिहरूमा "आश्रित" को संख्यात्मक हिस्सा ३४.४ प्रतिशत उल्लेख्य छ, जुन पुरुषसँगको परिवारिक पुनर्मिलन वा घरेलु भूमिकासँग सम्बन्धित देखिन्छ।

देश अनुसारको विवरण हेर्दा, विदेश गएका ८४.९ प्रतिशत व्यक्ति भारतमा रहेका छन्, जसमा महिलाको अनुपात ९७.१ प्रतिशत छ। यो प्रवृत्तिले देखाउँछ कि भारत जस्तो नजिकको देशमा न्यून - कुशल वा असंगठित क्षेत्रमा काम गर्ने प्रवृत्ति छ, विशेषतः महिलाहरूको। अन्य देशहरूतर्फको प्रवास, जस्तै मध्यपूर्व ७.५ प्रतिशत र आसियान राष्ट्रहरू ४.१ प्रतिशतमा पुरुषको उपस्थिति बढी छ, जसले केही सीमित उच्च आयको अवसर खोज्ने प्रयासको संकेत दिन्छ। यसले समग्रमा स्थानीय रोजगारी अभाव, सीप अभाव, तथा सुरक्षित, मर्यादित रोजगारीको पहुँचको चुनौतीलाई देखाउँछ, जुन दीर्घकालीन रोजगारी रणनीतिका लागि प्रमुख नीतिगत प्रवेशविन्दु हुन सक्छन्।

यसैगरी प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गत आर्थिक वर्ष २०८०/०८१ मा ३४८७ जना बेरोजगारको रूपमा सुचिकृत गरेका थिए जस अन्तर्गत १६१० जना पुरुष र १८७७ जना महिला रहेका थिए, यो संख्या आर्थिक वर्ष २०८१/०८२ आइपुग्दा कुल बेरोजगार सुचिकृत २६९५ जना जस मध्ये १२६९ जना पुरुष र १४२६ जना महिला रहेका छन् जस मध्ये जम्मा १०२ जनाले मात्र रोजगारको अवसर प्राप्त गरेका थिए। तसर्थ यो आकडाले पनि स्थानीय स्तरमा रोजगारीको अवसरको कमीलाई प्रष्ट पर्दछ भने आन्तरिक रोजगारीका अवसरहरूमा पनि श्रम शक्तिको कमि हुने विषयलाई संकेत गर्दछ। जसलेगर्दा स्थानीय रोजगार सृजना र समृद्धि योजनामा चुनौती थप्न सक्ने सम्भावना रहन्छ। रणनीतिमा प्रबैदेशिक रोजगारीमा गएको जनशक्तिलाई ध्यानमा राख्दै स्थानीय रोजगार कार्यक्रम



Scanned with CamScanner

विकास, सीप अभिवृद्धि र स्वरोजगार प्रवर्द्धनमा जोड दिनु आवश्यक छ, जसले युवालाई स्थानीय रोजगारमा जोड्ने छ र दीर्घकालीन विकासमा योगदान पुऱ्याउने छ।

**२.१.४. शिक्षा र साक्षरता स्थिति :**

यस नगरपालिकाको कुल साक्षरता दर ८५.७ प्रतिशत रहेको छ। जस अन्तर्गत पुरुष ६८.९ प्रतिशत र महिला ७७.३ प्रतिशत रहेको छ। वडागत स्तरः न्यूनतम वडा १ नं. मा ६९.४ प्रतिशत र अधिकतम वडा नं. ८ मा ८२.१ प्रतिशत रहेको छ। जातजाति अनुसार मधेशी/तराई जाति ८१.८ प्रतिशत, पहाडी जनजाति ७० प्रतिशत, दलित ७६ प्रतिशत। यसले शैक्षिक पहुँच भौगोलिक तथा जातिगत हिसावले पनि फरक रहेको संकेत गर्दछ जुन सामाजिक न्याय कार्यान्वयननको चुनैतिको रूपमा रहन्छ।

यसैगरी ५ देखि २५ वर्ष उमेर समूहमा हाल अध्यनरत ८०.४ प्रतिशत जस अन्तर्गत पुरुष ८३.५ प्रतिशत र महिला ७७ प्रतिशत रहेका छन् भने विगतमा विद्यालय नगएका १६ प्रतिशत जस मध्ये १३.८ प्रतिशत पुरुष र १८.३ प्रतिशत महला र कहिल्यै विद्यालय नगएका ३.५ प्रतिशत मध्ये २.६ प्रतिशत पुरुष र ४.४ प्रतिशत महिला रहेका छन्। यो तथ्याङ्कले के संकेत गर्दछ भने लैङ्गिक हिसावले पुरुषको तुलनामा अधिक महिलाहरु शिक्षा पहुँचबाट बञ्चित रहेका छन्। शैक्षिक उन्नतिमा प्राथमिक तह ३० प्रतिशत, माध्यमिक तह १९.५ प्रतिशत, उच्च माध्यमिक १७.७ प्रतिशत, प्रविणता प्रमाणपत्र तह १२.६ प्रतिशत, एसएलसी ६.६ प्रतिशत, स्नातक ४.४ प्रतिशत, स्नाकोत्तर तह मात्र २ प्रतिशत रहको देखिन्छ, जसले उच्च शिक्षाबाट प्राप्त हुने ज्ञान, सीपको अभाव र श्रम बजारको माग अनुरुपको जनशक्ति विकासमा चुनौतिको संकेत गर्दछ।

अपाङ्गता भएका व्यक्तिहरुको वडागत हिसावले साक्षरता दर ४० देखि ७२ प्रतिशत (वडा५ः ७२.२ प्रतिशत र वडा२ः ४० प्रतिशत) रहेको छ। त्यसकारण रणनीतिमा शिक्षा र सीप विकास कार्यक्रमलाई प्राथमिकता दिनु आवश्यक छ। महिला र बालबालिका, अपाङ्गता भएका व्यक्तिहरुको शिक्षा स्तर सुधार गर्न स्थानीय विद्यालय र तालिम केन्द्र विस्तार गर्ने, वडागत विभिन्न जनसमूहलाई लक्षित गरेर शिक्षाको पहुँच सुनिश्चित गर्ने योजना बनाउनु पर्दछ, यसले दीर्घकालीन बेरोजगारी घटाउन मद्दत गर्दछ।

५. लैङ्गिक समानता, अपाङ्गता र सामाजिक समावेशीकरणः

लैङ्गिक अनुपात १००.९२ पुरुष प्रति महिला, वडागत भिन्नता, वडागत अनुपात पुरुष/महिला ९२-१०९ प्रतिशत बिच छ, जसले वडागत लैङ्गिक असन्तुलन रहेको विषयलाई स्पष्ट संकेत गर्दछ। महिला-घरमुली स्थिति पनि वडागत भिन्नता-वडा४ मा ३७.७ प्रतिशत, वडा३ मा ३१.७ प्रतिशत, अन्य वडामा १३-३५ प्रतिशत रहेको छ जसले महिलाको सामाजिक-आर्थिक निर्णय प्रक्रियामा कम भूमिका रहेको संकेत गर्दछ।

अपाङ्गता दर वडा१ मा ७.२ प्रतिशत, वडा२ मा ३.३ प्रतिशत, वडा९ मा १.२ प्रतिशत रहेको छ। यसले वडाअनुसारको अपाङ्गताको अवस्था फरक रहेको संकेत गर्दछ। अपाङ्ग व्यक्तिको साक्षरता र



Scanned with CamScanner

आर्थिक अवस्था अन्तर वडागत वडा ५ मा उच्च साक्षरता ७२.२ प्रतिशत र आर्थिक सहभागिता घरायसी काम ५० प्रतिशत, गैर–घरायसी ६.३ प्रतिशत रहेको देखिन्छ। अपाङ्गताको प्रकारको दृष्टिकोणबाट हेर्दा ५४.८ प्रतिशत शारीरिक, १३.६ प्रतिशत न्यून दृष्टि, १०.५ प्रतिशत श्रवण, ६.२ प्रतिशत बहिरोपन, ४.३ प्रतिशत मानसिक; अन्य विविध अवस्थामा विभाजित छन्। यी सबैको लागि आवश्यक सेवा, पहुँच र सीप प्रवर्द्धनमा पृथक ढंगले हेरिनु पर्दछ

जातीय विविधताका आधारमा यस नगरपालिकामा दलित २३ प्रतिशत, ब्राहमण ८.८३ प्रतिशत, क्षेत्री ६४.९० प्रतिशत, दशनामी २.२२ प्रतिशत र जनजाति २.२२ प्रतिशत जनसंख्याको बसोबास रहेको छ। यस दृष्टिकोणबाट हेर्दा दलित र अल्पसंख्यकलाई लक्षित कार्यक्रमहरू निर्माण गर्नु आवश्यक देखिन्छ। छुवाछुत, छाउपडी, धामीझाँक्री प्रथा, अन्धविश्वास जस्ता सामाजिक कुरितीहरू यस नगरपालिकामा अँझै विद्यमान छन् जुन अभ्यास श्रमको सम्मान, समावेशी अवसर, सुरक्षित कार्यवातावरण निर्माणको लागि चुनैतीको रूपमा रहन सक्दछन्।

## खण्ड - ३

### ३.१. रणनीतिक विश्लेषण

बडिमालिका नगरपालिकामा १५-५९ वर्ष उमेर समूहको जनसंख्या उच्च छ अर्थात् ५९.१७ प्रतिशत रहेको छ। विशेषतः १५-२४ वर्षको जनसंख्या ४०६९ श्रमबजार प्रवेशको अवस्थामा छन्। यो जनसांख्यिक लाभलाई उपयोग गर्दै सीप विकास, प्राविधिक शिक्षा, उद्यमशीलता र रोजगारीमैत्री कार्यक्रमहरू र एकीकृत श्रम तथा रोजगार सेवा आवश्यक रहेको छ। शिक्षा क्षेत्रमा महिला र केही वडामा पिछडिएको अवस्था देखिएकाले महिला लक्षित शिक्षा अभियान र बालबालिका लक्षित पहुँच विस्तार कार्यक्रमलाई प्राथमिकतामा राख्नुपर्ने देखिन्छ।

नगरेको ७४.७ प्रतिशत श्रमिक कृषि पेशामा निर्भर छन्, तर यो क्षेत्र कम उत्पादक र सेवाको वितरणमा असमानता रहेको छ। वैदेशिक रोजगार विशेषगरी भारत र खाडी मुलुकमा युवाको उल्लेखनीय संलग्नता रहेको छ, जसले स्थानीय रोजगारी अवसरको अभाव झल्काउँछ। कृषि व्यवसायीकरण, स्वरोजगार प्रवर्द्धन, साना तथा घरेलु उद्यम र स्थानीय सीप केन्द्रित तालिम कार्यक्रमहरू विकास गर्नुपर्ने आवश्यकता देखिन्छ, जसले वैदेशिक निर्भरता घटाउने छ।

महिला श्रमशक्ति, अपाङ्गता भएका व्यक्ति र सीमान्तकृत समूहहरूको सक्रिय सहभागिता अभावले समावेशी विकासमा चुनौती देखिन्छ। सीपमूलक तालिम, महिला लक्षित स्वरोजगार कार्यक्रम, सामाजिक सुरक्षा सञ्जाल र पहुँचयुक्त सेवा वितरण प्रणाली आवश्यक छन्। कृषि, शिक्षा, र सेवाको वडागत असमानता समाधान गर्न समन्वित, समावेशी र क्षेत्रगत सन्तुलनलाई ध्यानमा राख्दै समग्रमा, बडिमालिका नगरपालिकाले आफ्ना शक्तिहरूको सदुपयोग गर्दै कमजोरी हटाई अवसरहरूको रणनीतिक उपयोगद्वारा रोजगारीका माध्यमबाट नगरपालिकाको दीर्घकालीन, समावेशी र दिगो विकासको दिशामा अगाडी बढ्न सक्दछ।

#### ३.१.१. सवल पक्षहरू

क) मानवीय तथा प्राकृतिक साधनको उपलब्धता

ख) कृषि, पशुपालन तथा फलफूल उत्पादनको प्रचुर सम्भावना

ग) जैविक, भौगोलिक, सामाजिक, संस्कृतिक तथा हावापानीको विविधता

घ) श्रम बजारको स्थापना र विविध रोजगारीको उपलब्धता, दैनिक ज्याला आधारित काम तथा निर्माण, कृषि, सेवा क्षेत्रजस्ता क्षेत्रमा कामदारको माग रहेकोले रोजगारीका विविध विकल्पहरू विकास गर्न सकिन्छ।

छ) साक्षर र शिक्षित जनशक्ति, साक्षरता दर ८५.७ प्रतिशत जसमध्ये पुरुष ६८.८ प्रतिशत र महिला ७७.३ प्रतिशत रहेकोले रोजगारमैत्री तालिम, प्रविधिमैत्री सीप विकास, र दक्षता वृद्धिमा लगानी गर्न सकिने सम्भावना प्रष्ट देखिन्छ।



Scanned with CamScanner

३.१.२. कमजोर पक्ष

क) एकीकृत श्रम तथा रोजगार सेवा प्रवाहलाई व्यवस्थित गर्ने समय सापेक्ष नीतिगत, कानुनी र संरचनागत व्यवस्था नहुनु।

ख) श्रम बजारको माग र आपूर्ति सहितको खण्डीकृत तथ्याङ्कको अभाव रहेको छ।

ग) वैदेशिक रोजगारीको निर्भरता न्यूनीकरण तथा स्थानीय रोजगारीका अवसरको सिर्जनाका लागि आवश्यक स्रोत, साधनसहितको दिर्घकालिन योजना नहुनु।

घ) विविध पेशा तथा व्यवसायहरू सञ्चालनको लागि आवश्यक दक्ष, प्राविधिक जनशक्तिको अप्रयासता।

ङ) तुलनात्मक रूपमा आर्थिक गतिविधिहरूमा महिला निष्क्रियता अधिक हुनुका साथै लैङ्गिक ज्याला विभेद कायम रहनु।

च) आफ्नै उत्पादनबाट ६ महिना भन्दा कम अवधिका लागि मात्र पुग्ने परिवारको संख्या अधिक हुनु।

छ) आवश्यकताको तुलनामा न्यून लगानी, आधुनिक प्रविधिको न्युन प्रयोग र न्यून उतपादन।

३.१.३. अवसरहरू

क) श्रम तथा रोजगार सम्बद्ध नीतिगत, कानुनी र संरचनागत व्यवस्थालाई समय सापेक्षा सुदृढ गरी एकीकृत रोजगार सेवा प्रभावलाई व्यवस्थित र प्रभावकारी बनाउने।

ख) स्थानीय सरकारको प्रत्याभूतिसहित न्यूनतम रोजगारी अवसरको अभिवृद्धि गरी नागरिकलाई रोजगार र स्वरोजगारमा सहभागी गराउने अवसर रहेको छ।

ग) आन्तरिक श्रमशक्ति उपयोग गर्ने वातावरण सिर्जना गर्दै सिप विकास, उद्यमशीलता प्रवर्द्धन, रोजगारी, तथ्याङ्क व्यवस्थापन, श्रम बजार सुचना व्यवस्थापन प्रणालीको स्थापना र सञ्चालन तथा दक्ष, प्रतिस्पर्धी जनशक्ति विकास गर्ने।

घ) प्रदेश सरकार, संघीय सरकार तथा निजी क्षेत्रसँग समन्वय गर्दै साना व्यवसाय, स्टार्टअप प्रवर्द्धन, वैदेशिक रोजगारमा निर्भरता घटाउने र सामाजिक-आर्थिक विशेषताअनुसार श्रम बजारको मूल्याङ्कन गरी दीर्घकालीन रोजगार रणनीति निर्माण गर्ने।

ङ) श्रम तथा रोजगारीको क्षेत्रमा न्यूनतम मानवीय मर्यादा कायम गर्न, श्रमिकप्रतिको धारणामा व्यवहारिक परिवर्तन ल्याउने र श्रमप्रतिको सम्मानजनक सोच विकास गर्दै श्रम र रोजगारीको क्षेत्र देखिएका सबैखालका विभेदको अन्त्य गर्ने।

च) सार्वजनिक रोजगार सेवाको सुदृढीकरण मार्फत अनौपचारिक क्षेत्रको श्रमलाई क्रमश औपचारिक क्षेत्रमा रुपान्तरण गर्दै श्रमिकको लगत अद्यावधिक गर्नुका साथै सामाजिक सुरक्षाको हकको प्रत्याभूति गर्न सहजीकरण गर्ने।

Scanned with CamScanner

३.१.४. चुनौतीहरू

क) पालिकाभित्र उत्पादनशील क्षेत्रमा रोजगारीका अवसर पहिचान र सिर्जना गर्दै श्रमको सम्मान गर्ने संस्कारको विकास गर्न र श्रम बजारको सूचना/तथ्याङ्क व्यवस्थित गर्ने एकीकृत संयन्त्र निर्माण गर्न।

ख) अनौपचारिक क्षेत्रको रोजगारीलाई औपचारिक क्षेत्रमा रुपान्तरण गर्दै असल श्रम सम्बन्धको विकास र सामाजिक सुरक्षा सुनिश्चित गर्न।

ग) आधुनिक कृषि, निर्माण, सेवा क्षेत्र, सूचना प्रबिधि तथा विश्वव्यापी श्रम बजारमा आवश्यक सीप, ज्ञान र व्यावसायिक दक्षताको अभावका साथै वैदेशिक रोजगारीको बढ्दो प्रभावका कारण अन्तरिक रोजगारीको गुणस्तर सुधार गर्दै स्थानीय स्तरमै दीगो रोजगारी सुनिश्चित गर्न।

घ) पालिका, प्रदेश र संघीय सरकार तथा अन्य निकायहरूबीच समन्वयको कमि, संघीयता अनुरुप श्रम रोजगारसम्बन्धी स्पष्ट नीतिगत व्यवस्था नहुनु र सार्वजनिक रोजगार सेवा प्रतिको बुझाइमा कमीका कारण प्रभावकारी रोजगार सेवा सुनिश्चित गर्न चुनौतिपूर्ण देखिन्छ।

## ४.१ रणनीतिक सवालहरू

बडिमालिका नगरपालिकामा श्रम तथा रोजगार क्षेत्रलाई व्यवस्थित गर्दै समावेशी, न्यायोचित र दिगो आर्थिक वृद्धि हासिल गर्न बहुपक्षीय रणनीतिक सवालहरू स्पष्ट देखिन्छन्। श्रमको सम्मान, नीति समन्वय र रोजगारी सेवा प्रणालीको सुधार, श्रमिकको न्यूनतम मानवीय मर्यादा, तथ्याङ्क अभाव, न्युन बजेट, असल श्रम सम्बन्ध र श्रमिकप्रति व्यवहारिक सोचको अभाव, अन्तर तह समन्वयमा भएका कमि कमजोरी, वैदेशिक सीप र पुंजीको परिचालनमा देखिएका कमि कमजोरीहरू व्यवस्थित एवम् प्रभावकारी श्रम तथा रोजगार सेवा प्रवाहका चुनौतीहरू हुन्। यी चुनौतीलाई समग्र रूपमा सम्बोधन गर्दै श्रम तथा रोजगार रणनीति कार्यान्वयनन गर्ने नीति, कार्यक्रम र संरचना कसरी तयार गर्ने भन्ने प्रमुख रणनीतिक सवाल नगरपालिका सामु रहेको छ।

हाल नगरपालिकामा वेरोजगारहरूको संख्या ठुलो छ भने कार्यरतमध्ये पनि धेरै अस्थायी प्रकृतिको रोजगारीमा संलग्न छन्। वैदेशिक रोजगारीमा निर्भरता उच्च रहेको अवस्थामा दीर्घकालीन तथा स्थानीय रोजगारी सिर्जना र आत्मनिर्भर अर्थतन्त्र निर्माण, स्थानीय श्रमशक्तिको पूर्णपरिचालन र वेरोजगारी न्यूनीकरण कसरी गर्न सकिन्छ भन्ने सवाल रहन्छ। लैङ्गिक अनुपातमा महिलाहरूको श्रम बजारमा उपस्थिति न्यून छ, ज्यालामा विभेद विद्यमान छ। यस्तो अवस्थामा सामाजिक र संरचनात्मक अवरोधलाई हटाउँदै उनीहरूलाई उत्पादनशील रोजगारीमा कसरी संलग्न गराउने, महिलाको श्रम सहभागिता कसरी वृद्धि गर्ने र श्रम बजारमा लैङ्गिक समानता कसरी सुनिश्चित गर्ने भन्ने सवाल विध्यमान देखिन्छ ।

अधिकांश श्रमशक्ति सामान्य प्रकृतिको काममा सीमित छन्, सीप अभाव, प्रविधिमा पहुँचको कमी, र तालिमको न्यूनताले रोजगारमैत्री वातावरण निर्माणमा बाधा पुऱ्याएको छ। श्रम बजारको माग र आपूर्तिको अन्तर कम गर्न श्रम बजारसँग मेल खाने दक्ष जनशक्ति विकास गर्न, रोजगारीको गुणस्तर सुधार्न तालिम, प्राविधिक शिक्षा तथा व्यावसायिक संस्थाहरू सुदृढ गर्न र निजीक्षेत्रसँगको सहकार्यका लागि कस्तो रणनीति वनाउने भन्ने विषय पनि महत्वपूर्ण देखिन्छ। नगरपालिकाको ठुलो हिस्सा कृषि आधारित भए तापनि प्रविधिको अभाव, उत्पादनशीलताको कमी र मूल्य श्रीङ्खला र बजारसँग नजोडिएको अवस्थाले रोजगारी सृजनामा अवरोध पुऱ्याएको छ। उद्योग, साना व्यवसाय, स्टार्टअप प्रवर्द्धन र वातावरणमैत्री रोजगारी विस्तार र कृषि, उद्योग, सेवा र वातावरणीय क्षेत्रहरूमा रोजगारीका अवसर कसरी वढाउने भन्ने विषयले पनि रणनीतिक प्रश्न खडा गर्दछ। अतः यी सवालहरूको स्पष्ट जवाफसहित योजनाबद्ध, समावेशी र तथ्यमा आधारित नीति निर्माण नगरपालिकाको प्राथमिकता हुन आवश्यक छ।



Scanned with CamScanner

## ५.१ दूरदृष्टि ध्येय र उद्देश्य

**दुरदृष्टिः**
स्थानीय सीप र स्रोतमा आधारित दिगो रोजगारसहितको समृद्ध नगर, खुसि नगरबासीको आधार निर्माण।

**ध्येयः**
श्रम बजारको मागअनुसार सीपयुक्त, प्रतिस्पर्धी र उद्यमशील जनशक्ति विकास गर्दै, सुरक्षित एवम् मर्यादित रोजगारीका अवसरहरूको सृजना, समावेशी पहुँच विस्तार, स्वरोजगार प्रवर्द्धन, तथा वैदेशिक रोजगारीको विकल्पको रूपमा आन्तरिक रोजगारी सुदृढ गरी समृद्ध नगरपालिका निर्माणको आधार तयार गर्नु।

**उद्देश्यः**

१. रोजगारीसम्वन्धी तथ्याङ्क संकलन, विश्लेषण र नीतिगत निर्णयमा उपयोग हुने तथ्याङ्क प्रणाली विकास गर्ने।
२. स्वरोजगार, साना उद्यम तथा नवप्रवर्तनशील व्यवसायलाई प्रवर्द्धन गर्दै स्थानीय श्रम बजारको मागअनुसार सीपयुक्त, दक्ष र प्रतिस्पर्धी श्रमशक्ति उत्पादन र उपयोग गर्ने।
३. सुरक्षित, मर्यादित र सामाजिक सुरक्षासहितको रोजगारी सुनिश्चित गर्दै श्रमको सम्मान प्रवर्द्धन गर्ने।
४. वैदेशिक रोजगारीमा निर्भरता घटाई आन्तरिक रोजगारीको सृजनामा प्राथमिकता दिने।
५. महिला, युवा, दलित, जनजाति, अपाङ्गता भएका व्यक्ति तथा सीमान्तकृत समूहलाई रोजगारीमा समावेशी पहुँच सुनिश्चित गर्ने।
६. तीन तहका सरकार, निजी क्षेत्र, सहकारी र नागरिक समाजसँग साझेदारी र समन्वय गरी रोजगारमैत्री नीति तथा कार्यक्रम कार्यान्वयनन गर्ने।

## खण्ड - ६

**रणनीतिक लक्ष्यहरू**

१. लगानी प्रवर्द्धनको माध्यमबाट उत्पादन तथा रोजगारी अभिवृद्धि गर्ने।

स्थानीय श्रम बजारको मागअनुसार सीपयुक्त, प्रतिस्पर्धी र उद्यमशील श्रमशक्ति उत्पादन गर्ने।

२. मर्यादित, सुरक्षित, उत्पादनशील र समावेशी रोजगारीका अवसरहरू स्थानीय तहमै सृजना एवम् आवश्यक समन्वय गर्ने।

३. वैदेशिक रोजगारीको विकल्पको रूपमा आन्तरिक रोजगारी र स्थानीय उद्यमशीलता प्रवर्द्धन गर्ने।

४. रोजगारीमैत्री नीतिको कार्यान्वयननका लागि श्रम बजार सूचनाहरूको व्यवस्थापन, श्रम अधिकार संरक्षण, सामाजिक सुरक्षा प्रवर्द्धन र बहु क्षेत्रीय साझेदारी प्रणाली विकास गर्ने।



Scanned with CamScanner

खण्ड - ७

### ७.१. रणनीतिक स्तम्भ, प्रमुख रणनीतिहरू:

रणनीतिक योजनाको सोच, लक्ष्य र उद्देश्य प्राप्तिका लागि निम्नअनुसारका रणनीतिक स्तम्भ पहिचान गरिएको छ। रणनीतिक योजनाको प्रभावकारी कार्यान्वयननको लागि प्रत्येक रणनीतिक स्तम्भअन्तर्गत रणनीति र कार्यनीति तय गरिएको छ।

**रणनीतिक स्तम्भहरू :**

स्तम्भ - १ : रोजगारसम्बन्धी तथ्याङ्क प्रणालीको सुदृढिकरण
स्तम्भ - २ : स्वरोजगार प्रवर्द्धन तथा प्रतिस्पर्धी श्रमशक्ति निर्माण
स्तम्भ - ३ : सुरक्षित, मर्यादित र सामाजिक सुरक्षायुक्त रोजगारीको प्रवर्द्धन
स्तम्भ - ४ : व्यवस्थित वैदेशिक रोजगारी र अन्तरिक रोजगारी सिर्जनामा प्राथमिकता
स्तम्भ - ५ : रोजगारीमा समावेशी पहुँच
स्तम्भ - ६ : बहुपक्षीय साझेदारी र समन्वयात्मक कार्यान्वयनन

### ७.२. रणनीति तथा कार्यनीति

| रणनीतिक स्तम्भ नम्बर १ - रोजगार सम्बन्धी तथ्याङ्क प्रणालीको सुदृढिकरण | |
|---|---|
| **रणनीति** | **कार्यनीति** |
| १.१ श्रम तथा रोजगार तथ्याङ्क प्रणालीको विकास र संस्थागत सुदृढिकरण | १.१ श्रम तथा रोजगारी तथ्याङ्क संकलन र अद्यावधिक गरिने छ।<br>१.२ डिजिटल तथ्याङ्क व्यवस्थापन प्रणाली स्थापना गरिने छ।<br>१.३ श्रमिक र रोजगारदाता दर्ता प्रणाली विकास गरिने छ।<br>१.४ तथ्याङ्क उपयोगमा आधारित निर्णय प्रवर्द्धन गरिने छ।<br>१.५ तीन तहका सरकार र निजी क्षेत्रसँग तथ्याङ्क समन्वय गरिने छ। |
| **रानीतिक स्तम्भ नम्बर २ - स्वरोजगार प्रवर्द्धन तथा प्रतिस्पर्धी श्रमशक्ति निर्माण** | |
| **रणनीति** | **कार्यनीति** |
| २.१ कृषि उत्पादन, निर्माण, पर्यटन र आई.टी क्षेत्रसँग सम्बन्धित अवसरको सिर्जना | २.१.१ कृषि व्यवसायको विकास, विस्तार र प्रवर्द्धन गरिने छ।<br>२.१.२ उद्यम, व्यापार तथा व्यवसाय सिर्जना, विकास र विस्तारका लागि नीतिगत तथा संस्थागत सहयोग र सहजीकरण गरिने छ।<br>२.१.३ निजि क्षेत्रलाई प्रोत्साहन गर्न सार्वजनिक निजि साझेदारी अवधारणाबमोजिम उद्योग तथा व्यवसाय प्रवर्द्धन गरिने छ।<br>२.१. ४ पर्यटकीय पुर्वाधार तथा सुविधाको विकास र प्रवर्द्धन गरिने छ।<br>२.१.५ सूचना प्रविधिका लागि आवश्यक जनशक्ति तयार पार्न सूचना प्रविधीको अध्यापन, अनुसन्धान र विकासका निम्ति निजि क्षेत्रलाई प्रोत्साहित गरिने छ। |



Scanned with CamScanner

| | |
|---|---|
| २.२ प्रतिस्पर्धी दक्ष र नवप्रवर्तनशील श्रमशक्ति निर्माण | २.२.१ स्थानीय र बाह्य श्रम बजारको माग र आपूर्ति नियमित रूपमा विश्लेषण गरी रोजगारदाता, उद्योगी र समुदायसँग परामर्शमार्फत आवश्यक सीप पहिचान गरिने छ।<br>२.२.२ तालिम प्रदायकसँग सहकार्यमा व्यावसायिक, प्राविधिक र उद्यमशीलता तालिम सञ्चालन गरी "सीप हुनेलाई प्रमाणपत्र, नहुनेलाई तालिम" अवधारणामा आधारित दक्षता परीक्षण प्रणाली लागू गरिने छ।<br>२.२.३ नवप्रवर्तनशील सोच् भएका सम्भाव्य उद्यमीलाई व्यवसाय योजना विकास, परामर्श र प्रतिस्पर्धात्मक स्टार्टअप अनुदान प्रदान गरिने छ।<br>२.२.४ रोजगार सेवा केन्द्र सुदृढ गर्दै श्रम सूचना, तालिम र करियर परामर्श सेवा उपलब्ध गराउने; विद्यालयस्तरमै वृत्ति मार्गदर्शन र उद्यमशीलता शिक्षा समावेश गरिने छ।<br>२.२.५ डिजिटल सीप तालिम सञ्चालन गर्दै स्थानीय रोजगारी अवसर सार्वजनिक गर्न डिजिटल प्लेटफर्म प्रयोग गरिने छ। |
| २.३. एकीकृत श्रम तथा रोजगार सेवा प्रवाहलाई व्यवस्थित र प्रभावकारी बनाउने | २.३.१ एकीकृत श्रम तथा रोजगार सेवा प्रवाह र रोजगार सेवा केन्द्र सञ्चालन तथा व्यवस्थापनका लागि आवश्यक नीतिगत एवम् कानुनी, संरचना सुदृढिकरण गरिने छ।<br>२.३.२ सीप तालिम, तालिमपश्चात अभ्यास, रोजगार विनिमय, उद्यम विकासमा लगायतका विषयमा निजी क्षेत्रको संलग्नता सुनिश्चित गर्न सार्वजनिक, निजि साझेदारी प्रक्रिया अवलम्वन गरिने छ।<br>२.३.३ श्रम तथा रोजगारसम्बन्धी स्थानीय नीति, योजना र कार्यक्रमहरूलाई संघ, प्रदेशसरकारका नीति तथा योजनासँग सामन्जस्यता कायम गर्दै एकीकृत श्रम तथा रोजगार सेवा प्रवाहमा जोड दिईने। |
| **रणनीतिक स्तम्भ नम्बर ३ - सुरक्षित, मर्यादित र सामाजिक सुरक्षायुक्त रोजगारीको प्रवर्द्धन** | |
| **रणनीति** | **कार्यनीति** |
| ३.१ सुरक्षित, मर्यादित र सामाजिक सुरक्षासहितको रोजगारी प्रवर्द्धन गर्दै श्रमको सम्मान सुनिश्चितता। | ३.१.१ श्रमिक अधिकार संरक्षण र श्रमको मर्यादा प्रवर्द्धन गरिने छ।<br>३.१.२ कार्यस्थलमा सुरक्षित र स्वास्थ्यकर वातावरण सुनिश्चित गरिने छ।<br>३.१.३ सामाजिक सुरक्षा पहुँच विस्तार गरिने छ।<br>३.१.४ श्रमिक दर्ता, श्रम अनुशासन र नियमन प्रणाली सुदृढ गरिने छ।<br>३.१.५ श्रमिकका लागि परामर्श, गुनासो व्यवस्थापन र सहजीकरण सेवा प्रदान गरिने छ।<br>३.१.६ श्रमको सम्मान अभियान सञ्चालन गरिने छ। |



Scanned with CamScanner

| रणनीतिक स्तम्भ नम्बर ४ - व्यवस्थित वैदेशिक रोजगारी र अन्तरिक रोजगारी सिर्जनामा प्राथमिकता | |
|---|---|
| **रणनीति** | **कार्यनीति** |
| ४. युवा लक्षित रोजगारका अवसरहरू सिर्जना गर्न प्राथमिकता दिने र आप्रवासी तथा प्रवासी कामदारको व्यस्थापन। | ४.१ वैदेशिक रोजगारको लागि दिईने सेवालाई स्थानीय तहसम्म विस्तारका लागि पहल गरिने छ।<br>४.२ श्रम बजारमा प्रवेश गर्न चाहने युवालाई स्थानीय रोजगारीका अवसरमा जोड्दै वैदेशिक रोजगारको मागअनुसार सीप विकास तालिम सुविधा र अनुगमन प्रणाली सुदृढ गरिने छ।<br>४.३ न्युनतम रोजगार प्रत्याभुत गर्ने योजना आरम्भ गरिने छ।<br>४.४ वैदेशिक रोजगारीबाट स्वदेश फर्किएका युवाहरूको लागि उधमशीलता, कृषिको आधुनिकीकरण र व्यवसायिकीकरणका निम्ति विशेष प्याकेजसहित सहुलियत उपलब्ध गराईने छ। |
| **रणनीतिक स्तम्भ नम्बर ५ - रोजगारीमा समावेशी पहुँच** | |
| **रणनीति** | **कार्यनीति** |
| ५. समावेशी समूहहरूलाई लक्षित गर्दै समान अवसरको आधारमा रोजगारी पहुँचको सुनिश्चितता। | ५.१ लक्षित समुह लक्षित रोजगारी कार्यक्रम विकास गरिने छ।<br>५.२ रोजगारीमा पहुँच स्थापित गर्न नसकेका समुहका लागि सीप विकास सुनिश्चित गरिने छ।<br>५.३ अनौपचारिक क्षेत्रमा क्रियाशील श्रमशक्तिलाई सामाजिक सुरक्षा र रोजगारी प्रोत्साहनमा पहुँच सुनिश्चित गरिने छ।<br>५.४ रोजगारीका लागि, सीप विकास, उद्यमशिलता तथा स्वरोजगार सम्बन्धी कार्यक्रमहरूमा लैङ्गिक समानता, सामाजिक समावेशीकरण प्रवर्द्धन गरिने छ। |
| **रणनीतिक स्तम्भ नम्बर ६ - बहुपक्षीय साझेदारी र समन्वयात्मक कार्यान्वयनन** | |
| **रणनीति** | **कार्यनीति** |
| ६. सहकार्य,समन्वय र साझेदारीमार्फत रोजगारीमैत्री नीति तथा कार्यक्रमको प्रभावकारी कार्यान्वयननको सुनिश्चितता। | ६.१ तीन तहका सरकारहरूबीच नीतिगत समन्वय, सहकार्य र साझेदारी सुनिश्चित गरिने छ।<br>६.२ निजि क्षेत्र, सहकारी, नागरिक समाज र गैरसरकारी संस्थाहरूसँग समन्वय, सहकार्य र साझेदारी विस्तार गरिने छ।<br>६.३ साझा योजना, कार्यक्रम र अनुगमन प्रणाली विकास गरिने छ।<br>६.४ रोजगार सेवा केन्द्रको सुदृढिकरण गर्दै सार्वजनिक रोजगार सेवाको प्रवर्द्धन गरिने छ। |



Scanned with CamScanner

खण्ड - ८, पाँच वर्षको रणनीतिक कार्ययोजना (२०८२/०८३ - २०८६/०८७)

८.१ रोजगार रणनीतिक कार्यान्वयनन कार्ययोजना

| क्र.सं. | क्रियाकलाप/कार्यक्रम | जिम्मेवार निकाय | सहयोगी निकाय | समयावधी | कार्यसम्पादन सूचक | बजेट रु लाखमा | जोखिम |
|---|---|---|---|---|---|---|---|
| १ | रणनीति १ : श्रम तथा रोजगार तथ्याङ्क प्रणालीको विकास र संस्थागत सुदृढिकरण | | | | | | |
| १.१ | श्रम तथा रोजगार तथ्याङ्क संकलन र अद्यावधिक गरिने छ। | | | | | | |
| | १.श्रम तथा रोजगारसम्बन्धी तथ्याङ्क संकलन अभियान सञ्चालन गर्ने।<br>२. वार्षिक तथ्याङ्क अद्यावधिक तालिका निर्माण गर्ने।<br>३. बेरोजगार व्यक्तिहरू, वैदेशिक रोजगारीमा गएका व्यक्तिहरूको प्रोफाइल तयार गर्ने।<br>४. रोजगारदाता, तालिम सेवा प्रदायक, व्यवसाय विकास सेवा प्रदायक, लागयतका श्रम रोजगार सेवा प्रदायकहरूको तथ्याङ्क अद्यावधिक गर्ने। | रोजगार सेवा केन्द्र | वडा कार्यालय, स्वास्थ्य तथा सामाजिक विकास शाखा, | २०८२ - २०८७ | संकलित तथ्याङ्क विवरण अद्यावधिक तथ्याङ्क प्रतिवेदन, व्यक्तिगत प्रोफाइलहरू | | |
| १.२ | डिजिटल तथ्याङ्क व्यवस्थापन प्रणाली स्थापना गरिने छ। | | | | | | |
| | १. श्रम तथा रोजगारसम्बन्धी एकीकृत तथ्याङ्क प्रणाली निर्माण गर्ने। | बडिमालिका नगरपालिका | तथ्याङ्क प्रणाली विकास सेवा प्रदायक संस्था, | २०८२ - २०८७ | सफ्टवेयर सञ्चालनमा आएको अवस्था, | | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | २. तथ्याङ्क प्रणाली सञ्चालन , व्यवस्थापन, सम्बन्धी अभिमुखीकरण कार्यक्रम सञ्चालन गर्ने। | | तथ्याङ्क कार्यालय, श्रम कार्यालय, निजिक्षेत्र, विकास साझेदारहरू | | तालिम प्राप्त कर्मचारी संख्या | | |
| १.३ | श्रमिक र रोजगारदाता दर्ता प्रणाली विकास गरिने छ। | | | | | | |
| | १. रोजगारदाता, तालिम सेवा प्रदायक, व्यवसाय विकास सेवा प्रदायक, लागयतका श्रम रोजगार सेवा प्रदायकहरूको सुचिकृत गर्ने।<br>२. बेरोजगार व्यक्तिहरूको सुचिकृत अभियान सञ्चालन गर्ने।<br>३. वैदेशिक रोजगारीमा जान चाहने र वैदेशिक रोजगारीबाट फर्किएका व्यक्तिहरूको सुचिकृत गने अभियान सञ्चालन गर्ने। | रोजगार सेवा केन्द्र | स्वास्थ्य तथा सामाजिक विकास शाखा, वडा कार्यालय, निजि संघ संस्था | २०८२ - २०८७ | दर्ता भएका श्रमिकहरूको संख्या<br>दर्ता गरिएका रोजगारदाता संख्या | | |
| १.४ | तथ्याङ्क उपयोगमा आधारित निर्णय प्रवर्द्धन गरिने छ। | | | | | | |
| | १. नीतिगत निर्णयका लागि तथ्याङ्क संकलन तथा विश्लेषण कार्यक्रम सञ्चालन गर्ने। | बडिमालिका नगरपालिका | वडा कार्यालय, योजना शाखा, रोजगार सेवा केन्द्र, तथ्याङ्क | २०८२ - २०८७ | आयोजना गरिएका कार्यशाला संख्या,<br>तथ्याङ्क आधारित बजेट प्रस्ताव, | | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | २. बजेट विनियोजनमा तथ्याङ्कको उपयोग अनिवार्य गर्ने।<br>३. श्रमिक लक्षित कार्यक्रम डिजाइनमा तथ्याङ्क प्रयोग गर्ने। | | कार्यालय, श्रम कार्यालय | | तथ्याङ्क आधारित डिजाइन भएका कार्यक्रम संख्या | | |
| १.५ | तीन तहका सरकार र निजी क्षेत्रसँग तथ्याङ्क समन्वय गरिने छ। | | | | | | |
| | १. तथ्याङ्क समन्वय संयन्त्र स्थापना गर्ने।<br>२. डिजिटल तथ्याङ्क प्लेटफर्ममा सहकार्य गर्ने। | बडिमालिका नगरपालिका | प्रदेश सरकर, संघिय सरकार, तथ्याङ्क कार्यालय, श्रम कार्यालय | २०८२ - २०८७ | संयन्त्रको स्थापना, डिजिटल तथ्याङ्क प्लेटफर्महरू | | |
| २ | **रणनीति : २.१ कृषि, उत्पादन, निर्माण, पर्यटन र आई.टी क्षेत्रसँग सम्बन्धित अवसरको सिर्जना** | | | | | | |
| | **२.१ कृषि क्षेत्र** | | | | | | |
| २.१.१ | कार्यनीतिः कृषि व्यवसायको विकास, विस्तार र प्रवर्द्धन गरिने छ। | | | | | | |
| | १. ड्रिप/स्प्रिंकलर, लिफ्टिङ, वर्षातको पनि संकलन लागयतको सिंचाई विकास र विस्तार कार्यक्रम सञ्चालन गर्ने।<br>२. कृषि यान्त्रिकिकरण तथा उपकरण खरिदमा अनुदान कार्यक्रम सञ्चालन गर्ने।<br>३. कृषि प्रसार तथा प्रवर्द्धन कार्यक्रम (तरकारी खेति, नगदे बाली, फलफुल तथा खाद्यान्न | कृषि शाखा | सिंचाई डिभिजन, कृषि सहकारी | २०८२ - २०८७ | सिंचित क्षेत्र, लाभान्वित कृषक संख्या, पोखरी संख्या, कुलो, बर्षातको पनि संकलन केन्द्र | | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | बालित उत्पादन प्रवर्द्धन, कृषि बजार संरचना निर्माण तथा प्रवर्द्धन, रैथाने तथा नया बाली प्रवर्द्धन, बजारीकरण तालिम आदि) सञ्चालन गर्ने। | | | | | | |
| २.१.२ | उद्यम, व्यापार तथा व्यवसाय सिर्जना, विकास र विस्तारका लागि नीतिगत तथा संस्थागत सहयोग र सहजीकरण गरिने छ। | | | | | | |
| | १. असंगठित उद्योग दर्ता प्रोत्साहन कार्यक्रम सञ्चालन गर्ने।<br>२. स्थानीय श्रममा आधारित उद्योग स्थापन र सञ्चालनका लागि प्रोत्साहनका कार्यकर्म सञ्चालन गर्ने।<br>३. लगानी सम्भाव्यता अध्ययन गर्ने।<br>४. उत्पादन उपक्षेत्र पहिचान र प्रवर्द्धन सामग्री प्रकाशन गर्ने।<br>५. उद्यम सञ्चालन तथा व्यवस्थापन नीतिगत सहजीकरण कार्यक्रम सञ्चालन गर्ने।<br>६. परम्परागत सिपको संरक्षण, प्रवर्द्धन तथा तिनीहरूको | उद्योग शाखा | योजना शाखा, सहकारी, पूर्वाधार विकास शाखा, आर्थिक प्रशासन शाखा | २०८२ - २०८७ | दर्ता उद्योगहरूको संख्या, अध्यन प्रतिवेदन, उत्पादन वृद्धिदर, नीति, कार्यविधिहरू, कोषको स्थापन र सञ्चालन | | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | आधुनिकीकरण सम्बन्धी उद्योग, व्यवसायको पहिचान तथा संरक्षण गरिने छ।<br>७. उद्यमशीलता तथा नवप्रवर्तन कोष स्थापना गर्ने। | | | | | | |
| २.१.३ | निजि क्षेत्रलाई प्रोत्साहन गर्न सार्वजनिक निजि साझेदारी अवधारणा बमोजिम उद्योग तथा व्यवसाय प्रवर्द्धन गरिने छ। | | | | | | |
| | १ निजि क्षेत्रलाई प्रोत्साहन गर्न सार्वजनिक निजि साझेदारी अवधारणा बमोजिम उद्योग तथा व्यवसाय प्रवर्द्धन कार्यक्रम सञ्चालन गर्ने।<br>२. सार्वजनिक निजि साझेदारी मोडलमा कृषि, उद्यम, पर्यटन, सूचना प्रविधि परियोजना सञ्चालन गर्ने।<br>३. अनुदान र कर सहुलियत सुविधा कार्यक्रम सञ्चालन गर्ने।<br>४. सार्वजनिक, निजि, सहकारी अवधारणामा आधारित उद्यम, व्यवसाय सञ्चालनका लागि अवश्यक कार्यविधि तथा मापदण्ड निर्माण गर्ने। | सहकारी | योजना शाखा, रोजगार सेवा केन्द्र, कानुन इकाई, निजि क्षेत्र | २०८२ - २०८७ | उधोग व्यवसाय प्रवर्द्धन संख्या, संचालित परियोजना संख्या, लाभग्राही संख्या, कार्यविधि, मापदण्डहरू | | - |
| २.१.४ | पर्यटकीय पुर्वाधार तथा सुविधाको विकास र प्रवर्द्धन गरिने छ। | | | | | | |



Scanned with CamScanner

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | १. पर्यटन पूर्वाधार निर्माण, स्तरोन्नति तथा मर्मतसंभार कार्यक्रम गर्ने।<br>२. नयाँ पर्यटकीय स्थलहरूको पहिचान तथा दिगो पर्यटन कार्यक्रम सञ्चालन गर्ने।<br>३. होमस्टे प्रवर्द्धन र अनुदान कार्यक्रम सञ्चालन गर्ने। | योजना तथा प्रविधिक शाखा | सामाजिक विकास शाखा, रोजगार सेवा केन्द्र, पर्यटन व्यवसायी संघ संस्था, | | निर्माण/स्तरोन्नति/पहिचान भएका पर्यटकीय क्षेत्रहरू, होमस्टे संख्या | | |
| २.१.५ | सूचना प्रविधिका लागि आवश्यक जनशक्ति तयार पार्न सूचना प्रविधीको अध्यापन, अनुसन्धान र विकासका निम्ति निजि क्षेत्रलाई प्रोत्साहित गरिने छ। | | | | | | |
| | १.सूचना प्रविधीको अध्ययन, अनुसन्धान र विकासका लागि निजि क्षेत्रलाई प्रोत्साहित गर्ने कार्यक्रम सञ्चालन गर्ने।<br>२. प्रत्येक माध्यमिक विद्यालयमा कम्प्युटर ल्याब स्थापना गर्ने।<br>३.सूचना प्रविधि क्षेत्रको सम्भाव्यता अध्ययन तथा निजी क्षेत्रसँग सार्वजनिक निजि साझेदारी मोडेलमा सूचना प्रविधी सम्बन्धी क्षमता अभिवृद्धि कार्यक्रम सञ्चालन गर्ने। | प्रशासन, योजना तथा अनुगमन शाखा | शिक्षा तथा खेलकुद शाखा, प्राबिधिक शाखा,निजि क्षेत्र, | | निजि क्षेत्रसँग संचालित भएका कार्यक्रम संख्या, कम्प्युटर ल्याबको संख्या, अध्ययन प्रतिवेदन, तालिम संख्या र सहभागी संख्या, छात्रवृत्ति प्राप्त बिद्यार्थी संख्या, ई-गभर्नेन्स प्रणालीबाट प्रवाहित सेवाहरूको संख्या | | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | ४ .सूचना प्रविधिमा उच्च शिक्षा अध्ययन गर्नेका लागि छात्रवृत्ति योजना सञ्चालन गर्ने।<br>५. सूचना प्रविधि तथा नवप्रवर्तन प्रतियोगिता र स्टार्टअप सहायता कार्यक्रम सञ्चालन गर्ने।<br>६. नगरपालिका सेवा प्रणालीमा ई-गभर्नेन्स प्रणाली कार्यान्वयनन गर्ने। | | | | | | |
| | **रणनीतिः २.२ प्रतिस्पर्धी दक्ष र नवप्रवर्तनशील श्रमशक्ति निर्माण** | | | | | | |
| २.२.१ | स्थानीय र बाह्य श्रम बजारको माग र आपूर्ति नियमितरूपमा विश्लेषण गरी रोजगारदाता, उद्योगी र समुदायसँग परामर्शमार्फत आवश्यक सीप पहिचान गरिने छ। | | | | | | |
| | १. श्रम बजार माग र आपूर्ति विश्लेषण गर्ने।<br>२. रोजगारदाता, तालिम सेवा प्रदायकहरूको नक्शांकन गर्ने।<br>३. प्रमुख रोजगारी क्षेत्र पहिचानसम्बन्धी अध्ययन गर्ने।<br>४. रोजगारदाता र उद्योगीहरूसँग परामर्श कार्यक्रम सञ्चालन गर्ने।<br>५. स्थानीय एवम् प्रवासी श्रमिकको अनुभवको | रोजगार सेवा केन्द्र | निजी क्षेत्र, उद्योग वाणिज्य संघ, बडिमालिका नगरपालिका | २०८२ - २०८७ | श्रम बजारको विश्लेषण प्रतिवेदन, परामर्श कार्यक्रम संख्या, अध्यन प्रतिवेदन, प्रवासी श्रमिक अभिलेख | | |



Scanned with CamScanner

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | अभिलेखिकरण कार्यक्रम सञ्चालन गर्ने। | | | | | | |
| २.२.२ | तालिम प्रदायकसँग सहकार्यमा व्यावसायिक, प्राविधिक र उद्यमशीलता तालिम सञ्चालन गरी "सीप हुनेलाई प्रमाणपत्र, नहुनेलाई तालिम" अवधारणामा आधारित दक्षता परीक्षण प्रणाली लागू गरिने छ। | | | | | | |
| | १. दक्षता मूल्याङ्कन/सीप परिक्षण तथा प्रमाणिकरण प्रणाली सञ्चालन गर्ने।<br>२. बेरोजगार युवालाई श्रम बजारको माग अनुसारको निःशुल्क सीप तालिम सञ्चालन गर्ने।<br>३. तालिम पश्चात रोजगार, रोजगारीमा रहेकाहरूलाई सीप अभिवृद्धि कार्यक्रम सञ्चालन गर्ने। | रोजगार सेवा केन्द्र | नगरपालिका, निजी तालिम सेवा प्रदायक, प्रशासन, योजना तथा अनुगमन शाखा, प्राविधिक एवम् व्यावसायिक शिक्षा परिषद | २०८२ - २०८७ | प्रमाणपत्र वितरणको संख्या, तालिममा सहभागी संख्या, अनुगमन प्रतिवेदन, | | |
| २.२.३ | नवप्रवर्तनशील सोच भएका सम्भाव्य उद्यमीलाई व्यवसाय योजना विकास, परामर्श र प्रतिस्पर्धात्मक स्टार्टअप अनुदान प्रदान गरिने छ। | | | | | | |
| | १. स्टार्टअप व्यवसाय योजना प्रतियोगिता आयोजना सञ्चालन गर्ने।<br>२. व्यवसाय परामर्श तथा इन्क्यूबेसन सेवा प्रवाह गर्ने। | रोजगार सेवा केन्द्र | व्यवसाय विकास सेवा प्रदायक संस्था, बैंक तथा वित्त संस्था, आर्थिक | २०८२ - २०८७ | स्टार्टअप व्यवसाय सञ्चालन संख्या, परामर्श तथा इन्क्युबेसन सेवा | | |



Scanned with CamScanner

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | ३.अनुदान तथा ऋण सहजीकरण कार्यक्रम सञ्चालन गर्ने। | | तथा प्रशासन शाखा, स्वास्थ्य तथा सामाजिक विकास शाखा | | लाभग्राही संख्या, अनुदान प्राप्त लाभग्राही संख्या, | | |
| २.२.४ | रोजगार सेवा केन्द्र सुदृढ गर्दै श्रम सूचना, तालिम र करियर परामर्श सेवा उपलब्ध गराउने; विद्यालयस्तरमै वृत्ति मार्गदर्शन र उद्यमशीलता शिक्षा समावेश गरिने छ। | | | | | | |
| | १.प्रभावकारी रोजगार सेवा प्रवाहका लागि रोजगार सेवा केन्द्रको भौतिक र प्राविधिक सुदृढीकरण गर्ने।<br>२.वृत्ति परामर्श, व्यवसाय परामर्श, रोजगार परामर्श लगयत परामर्श कार्यक्रमहरू सञ्चालन गर्ने।<br>३. स्थानीय पाठ्यक्रममा श्रमको सम्मान, जीवन उपयोगी सीप, उद्यमशीलता लगायतका विषयवस्तु समावेस गर्ने। | बडिमालिका नगरपालिका | रोजगार सेवा केन्द्र, योजना तथा अनुगमन शाखा, सामाजिक विकास मन्त्रालय, श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय | २०८२ - २०८७ | उद्यमशीलता पाठ्यक्रम लागू भएका विद्यालय संख्या,<br>सुदृध रोजगार सेवा केन्द्र,<br>वृत्ति परामर्शमा सहभागी संख्या | | |
| २.२.५ | डिजिटल सीप तालिम सञ्चालन गर्दै स्थानीय रोजगारी अवसर सार्वजनिक गर्न डिजिटल प्लेटफर्म प्रयोग गरिने छ। | | | | | | |
| | १. डिजिटल साक्षरता तथा ICT सीप तालिम सञ्चालन गर्ने। | रोजगार सेवा केन्द्र | सूचना प्रबिधि इकाई, तालिम सेवा प्रदायक | २०८२ - २०८७ | पोर्टलमा सूचीबद्ध रोजगार अवसरको संख्या, | | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | २. सामाजिक संजालको सदुपयोग तथा अनलाइन रोजगारी पोर्टल सञ्चालन गर्ने<br>३.डिजिटल उद्यमशीलता (freelancing, e - commerce) सहजीकरण कार्यक्रम सञ्चालन गर्ने। | | संस्था, योजना तथा अनुगमन शाखा, | | सूचना प्राप्त गर्नेहरूको संख्या,<br>डिजिटल उद्यमी बन्ने लाभ ग्राहीको संख्या | | |
| | **रणनीति १.३: एकीकृत श्रम तथा रोजगार सेवा प्रवाहलाई व्यवस्थित र प्रभावकारी बनाउने** | | | | | | |
| २.३.१ | एकीकृत श्रम तथा रोजगार सेवा प्रवाह र रोजगार सेवा केन्द्र सञ्चालन तथा व्यवस्थापनका लागि आवश्यक नीतिगत एवम् कानुनी, संरचना सुदृढिकरण गरिने छ। | | | | | | |
| | १.. श्रम तथा रोजगार सम्बन्धी स्थानीय नीति निर्माण गर्ने।<br>२.स्थानीय रोजगार सेवा सञ्चालन तथा व्यवस्थापन कार्यविधि निर्माण गर्ने।<br>३.रोजगार सेवा केन्द्रको कार्यविवरण परिमार्जन/विकास गर्ने।<br>४.रोजगार सेवा केन्द्रको वार्षिक कार्ययोजना निर्माण र कार्यान्वयनन गर्ने।<br>५.श्रमबजार सूचना. बेरोजगार तथा आन्तरिक रोजगार, | बडिमालिका नगरपालिका | कानुन इकाई, प्रशासन, योजना तथा अनुगमन शाखा | २०८२ - २०८७ | श्रम रोजगारसम्बन्धी नीति, रोजगार सेवा सञ्चालन तथा व्यवस्थापन कार्यविधि, रोजगार सेवा केन्द्रको कार्य विवरण, श्रम बजार सूचना व्यवस्थापन | | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | आप्रवासी कामदारहरूको अभिलेख अद्यावधिक र सूचना प्रणालीलाई व्यवस्थित गर्ने। | | | | | | |
| २.३.२ | सीप तालिम, तालिमपश्चात अभ्यास, रोजगार विनिमय, उद्यम विकासमा लगायतका विषयमा निजी क्षेत्रको संलग्नता सुनिश्चित गर्न सार्वजनिक, निजि साझेदारी प्रक्रिया अवलम्वन गरिने छ। | | | | | | |
| | १.रोजगारोन्मुख सीप तालिम सञ्चालन गर्ने।<br>२.निजी क्षेत्रसँग सहकार्यमा अन्तरक्रिया/रोजगार मेलाको आयोजना गर्ने।<br>३.उद्यम विकासकोलागि वित्तीय साक्षारता, जीवन उपयोगी सीप तथा व्यावसायिक योजना तयारी सम्बन्धी कार्यक्रम सञ्चालन गर्ने।<br>४.तालिम पश्चात इन्टर्नसिप/अभ्यास र रोजगर विनिमयका लागि निजी क्षेत्रसँग सम्झौताका लागि सिफारिस प्रणाली सञ्चालन गर्ने।<br>५. निजी क्षेत्रमा रोजगारी सिर्जनाका लागि प्रोत्साहन कार्यक्रम सञ्चालन गर्ने छ। | बडिमालिका नगरपालिका | निजी क्षेत्र, तालिम प्रदायक संस्था, रोजगार सेवा केन्द्र, विकास साझेदार, स्थानीय गैरसरकारी संस्था | २०८२ - २०८७ | सञ्चालन भएका तालिमहरूको संख्या, आयोजना गरिएका कार्यक्रमहरूको संख्या र सहभागी रोजगारदाताको संख्या, स्टार्टअपलाई प्राप्त सहयोग संख्या, सिर्जित रोजगारीको संख्या | | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| २.३.३ | श्रम तथा रोजगारसम्बन्धी स्थानीय नीति, योजना र कार्यक्रमहरूलाई संघ, प्रदेशसरकारका नीति तथा योजनासँग सामन्जस्यता कायम गर्दै एकीकृत श्रम तथा रोजगार सेवा प्रवाहमा जोड दिईने छ। | | | | | | |
| | १. संघ, प्रदेश, स्थानीय सरकार बीच श्रम रोजगार सेवा प्रवाहका समन्वय गर्ने।<br>२. रोजगार सेवा केन्द्रको वार्षिक कार्य योजनामा संघ/प्रदेशका आवधिक योजना समावेश गर्ने।<br>३.नीति तथा कानुनको कार्यान्वयनन अनुगमन र मुल्यांकन, प्रतिवेदनहरू संघिय र प्रादेशिक सरकारसँग नियमति साझा गर्ने।<br>४.संघ, प्रदेश सरकार, नगरपालिका, विकास साझेदार, स्थानीय गैर सरकारी संघ संस्थाका श्रम रोजगारसम्बन्धी कार्यक्रम तथा सेवाहरूलाई एकीकृत गरी रोजगार सेवा केन्द्र मार्फत प्रवाह गर्ने। | रोजगार सेवा केन्द्र | नगरपालिका, नगरपालिका संघ, प्रशासन, योजना तथा अनुगमन शाखा, श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय, सामाजिक विकास मन्त्रलय, सुदुरपश्चिम प्रदेश | २०८२ - २०८७ | समन्वय बैठकहरू, पत्रहरू योजनामा समावेश भएका संघीय, प्रादेशिक प्राथमिकताहरूको संख्या, विकास भएको र प्रयोगमा ल्याइएको सूचक प्रणाली | | |
| ३. | रणनीति ३.१ सुरक्षित, मर्यादित र सामाजिक सुरक्षासहितको रोजगारी प्रवर्द्धन गर्दै श्रमको सम्मान सुनिश्चित | | | | | | |
| ३.१.१ | श्रमिक अधिकार संरक्षण र श्रमको मर्यादा प्रवर्द्धन गरिने छ। | | | | | | |



Scanned with CamScanner

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | १. श्रमसम्वन्धी जनचेतनामूलक अभिमुखीकरण कार्यक्रम सञ्चालन गर्ने।<br>२. श्रमिक अधिकारसम्वन्धी स्थानीय निर्देशिका निर्माण गर्ने।<br>३. रोजगारदाताहरूसँग श्रमिक अधिकारसम्बन्धी संवाद कार्यक्रम सञ्चालन गर्ने। | रोजगार सेवा केन्द्र | प्रशासन, योजना तथा अनुगमन शाखा, कानुन इकाई, श्रम तथा रोजगार कार्यालय, व्यवसायिक संघ, ट्रेड यूनियन | २०८२ - २०८७ | निर्देशिका तयार भई कार्यान्वयननमा ल्याइएको,<br>संवाद कार्यक्रम सम्पन्न वार्षिक प्रतिवेदन, संवाद कार्यक्रको सम्पन्न प्रतिवेदन | | |
| ३.१.२ | **कार्यस्थलमा सुरक्षित र स्वास्थ्यकर वातावरण सुनिश्चित गरिने छ** | | | | | | |
| | १.कार्यस्थल सुरक्षा स्थिति मूल्यांकन तथा निरीक्षण गर्ने।<br>२.सुरक्षासामग्री वितरण तथा प्रयोग सम्बन्धी अभिमुखीकरण।<br>३.व्यवसायजन्य सुरक्षा तथा स्वास्थ्यसम्बन्धी मापदण्ड कार्यान्वयन कार्यविधि निर्माण गर्ने। | रोजगार सेवा केन्द्र | प्रशासन,योजना तथा अनुगमन शाखा, स्वास्थ्य तथा सामाजिक विकास शाखा, श्रम निरीक्षक, | २०८२ - २०८७ | कार्यस्थल निरीक्षण गरिएको परतिवेदन, कार्यविधि कार्यान्वनमा आएको, अभिमुखीकरण तालिम लिएका सहभागी संख्या | | |
| ३.१.३ | **सामाजिक सुरक्षा पहुँच विस्तार गरिने छ।** | | | | | | |
| | १. सामाजिक सुरक्षा कोषमा श्रमिक दर्ता अभियान सञ्चालन गर्ने। | रोजगार सेवा केन्द्र | सामाजिक सुरक्षा कोष, ट्रेड युनियन, | २०८२ - २०८७ | सामाजिक सुरक्षामा श्रमिक दर्ता संख्या, योजना स्वीकृति र कार्यान्वयनन, | | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | २.अनौपचारिक क्षेत्रका श्रमिकलाई समेट्नेगरी कार्यक्रम संचांलन गर्ने।<br>३.सामाजिक सुरक्षा जानकारी सम्बन्धी गोष्ठी, अन्तरक्रिया कार्यक्रम सञ्चालन गर्ने। | | महिला बालबालिका तथा समाजकल्याण उपशाखा | | गोष्ठ, अन्तरक्रिया सम्पन्न परतिवेदनहरू | | |
| ३.१.४ | श्रमिक दर्ता, श्रम अनुशासन र नियमन प्रणाली सुदृढ गरिने छ। | | | | | | |
| | १.श्रमिक दर्ता प्रणालीलाई डिजिटलाइजेशन गर्ने।<br>२.श्रमिक प्रोफाइल अद्यावधिक अभियान सञ्चालन गर्ने।<br>३. श्रम नियमनसम्बन्धी स्थानीय निर्देशिका निर्माण गर्ने। | रोजगार सेवा केन्द्र | IT सेवा प्रदायक वडा कार्यालय, स्वास्थ्य सामाजिक विकास शाखा श्रम कार्यालय, कानुन इकाई, | २०८२ - २०८७ | प्रणाली सञ्चालनमा आएको, अद्यावधिक श्रमिक प्रोफाइल, निर्देशिका अनुमोदन र कार्यान्वयनन | | |
| ३.१.५ | श्रमिकका लागि परामर्श, गुनासो व्यवस्थापन र सहजीकरण सेवा प्रदान गरिने छ। | | | | | | |
| | १.श्रमिक सहायता डेस्क स्थापना गर्ने।<br>२.श्रमिक गुनासो दर्ता तथा समाधान प्रणाली विकास गर्ने।<br>३.मनोसामाजिक परामर्श सेवा सञ्चालन गर्ने। | रोजगार सेवा केन्द्र | स्वास्थ्य सामाजिक विकास शाखा, प्रशासन शाखा, कानुन इकाई, | २०८२ - २०८७ | डेस्क स्थापना भएको, प्रणाली प्रयोगमा आएको, श्रमिकलाई सेवा प्रदान गरेको तथ्याङ्क | | |
| ३.१.६ | श्रमको सम्मान अभियान सञ्चालन गरिने छ। | | | | | | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | १. श्रमको सम्मानसम्बन्धी सञ्चार मध्यमसँग सहकार्य गर्ने।<br>२. श्रमिक सम्मानसम्बन्धी कार्यक्रम सञ्चालन गर्ने।<br>३. श्रमिकहरूका सफलता कथा प्रकाशन गर्ने।<br>४. सरोकारवालाहरू बिच श्रम सम्मान सम्बन्धी अन्तरक्रिया र विद्यालय स्तरीय श्रम सम्मान अभिमुखीकरण कार्यक्रम सञ्चालन गर्ने। | रोजगर सेवा केन्द्र | शिक्षा, युवा तथा खेलकुद शाखा, स्वास्थ्य तथा सस्मजिक विकास शाखा, | २०८२ - २०८७ | सन्देश प्रसारण, सफलता कथा प्रकाशन भएको, अन्तरक्रिया, अभिमुखिकरण कार्यक्रम सम्पन प्रितिवेदन । | | |
| ४. | **रणनीति ४ : युवा लक्षित रोजगारका अवसरहरू सिर्जना गर्ने प्राथमिकता दिने र आप्रवासी तथा प्रवासी कामदारको व्यस्थापन** | | | | | | |
| ४.१ | **वैदेशिक रोजगारको लागि दिईने सेवालाई स्थानीय तहसम्म विस्तारका लागि पहल गरिने छ।** | | | | | | |
| | १. वैदेशिक रोजगार सहायता कक्ष सञ्चालन गर्ने।<br>२. वैदेशिक रोजगारी पूर्व - परामर्श, वैदेशिक रोजगारीबाट फर्किएकाहरूलाई पुनस्थापना परामर्श सेवा सञ्चालन गर्ने।<br>३. वैदेशिक रोजगारका अवसर तथा आप्रवासनसम्बन्धी जोखिमबारे सचेतना कार्यक्रम सञ्चालन गरिने छ। | बडिमालिका नगरपालिका | रोजगार सेवा केन्द्र, श्रम कार्यालय, बैदेशिक रोजगर बिभाग, श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय | २०८२ - २०८७ | सहयता कक्ष, सेवा लिएका सेवाग्राही संख्या, | | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| ४.२ | **श्रम बजारमा प्रवेश गर्न चाहने युवालाई स्थानीय रोजगारीका अवसरमा जोड्दै वैदेशिक रोजगारको मागअनुसार सीप विकास तालिम सुविधा र अनुगमन प्रणाली सुदृढ गरिने छ।** | | | | | | |
| | १.युवाहरूका निम्ति रोजगार सम्बन्धि सूचना र कार्यक्रममा पहुँच बढाउन युवा परामर्श सेवा, कार्यक्रम र संयन्त्रहरू निर्माण गर्ने।<br>२.माग आधारित सीप तालिम तथा सञ्चालन गर्ने।<br>३.सीप परिक्षण तथा अनुगमन प्रणाली सञ्चालन गर्ने।<br>४.महिला उद्यमशीलता सहुलियतपूर्ण कर्जा कार्यक्रम सञ्चालन गर्ने। | रोजगार सेवा केन्द्र | शिक्षा शाखा, युवा तथा खेलकुद शाखा, प्रशासन शाखा, योजना तथा अनुगमन शाखा | २०८२ - २०८७ | तालिम प्राप्त व्यक्तिको संख्या,<br>सीप परिक्षण संख्या,<br>परामर्श लिएका व्यक्तिको संख्या, | | |
| ४.३ | **न्युनतम रोजगार प्रत्याभुत गर्ने योजना आरम्भ गरिने छ** | | | | | | |
| | १. स्थानीय पूर्वाधारमा आधारित रोजगारी सिर्जना कार्यक्रम सञ्चालन गर्ने।<br>२. सार्वजनिक सेवामा सहायक श्रमिक परिचालन कार्यक्रम सञ्चालन गर्ने।<br>३. स्थानीय स्तरमा रोजगारी सूचना, बेरोजगार दर्ता र रोजगार | बडिमालिका नगरपालिका | रोजगार सेवा केन्द्र | २०८२ - २०८७ | न्यूनतम रोजगारी प्रदान गरिएका व्यक्तिको संख्या,<br>परिचालित अस्थायी श्रमिकको संख्या,<br>बेरोजगार दर्ता, सिफारिस, रोजगार विनिमय संख्या | | |



Scanned with CamScanner

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | मिलान, सिफारिस परामर्श सेवा सञ्चालन गर्ने। | | | | | | |
| ४.४ | **वैदेशिक रोजगारीबाट स्वदेश फर्किएका युवाहरूको लागि उद्यमशीलता, कृषिको आधुनिकीकरण र व्यवसायिकरणका निम्ति विशेष प्याकेजसहित सहुलियत उपलब्ध गराईने छ।** | | | | | | |
| | १. स्वदेश फर्किएका युवाहरूको लागि व्यवसाय परामर्श तथा प्राविधिक सहयोग कार्यक्रम सञ्चालन गर्ने।<br>२.सहुलियतपूर्ण व्याजदरमा ऋण, अनुदान, वा सह वित्तीय लगानी सहजीकरण कार्यक्रम सञ्चालन गर्ने।<br>३.उद्यमशीलता अभिमुखीकरण तालिम कार्यक्रम सञ्चालन गर्ने।<br>४.स्थानीय युवा रोजगार कार्ययोजना तयारी गर्ने।<br>५. बिदेशमा आर्जित पुँजी, सीप, र अनुभवको आधारमा उद्यमशीलता, स्वरोजगारी, अन्तरिक रोजगारी सहितको सामाजिक पुनःएकिरण कार्यक्रम सञ्चालन गर्ने। | बडिमालिका नगरपालिका | रोजगार सेवा केन्द्र, बैंक तथा वित्तीय संस्था, तालिम सेवा प्रदायक संस्था | २०८२ - २०८७ | परामर्श तथा प्राविधिक सहयोग प्राप्त लाभग्राही संख्या, तालिम सम्पन्न प्रतिवेदन | | |
| ५ | **रणनीति ५ : समावेशी समूहहरूलाई लक्षित गर्दै समान अवसरको आधारमा रोजगारी पहुँचको सुनिश्चितता ।** | | | | | | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| ५.१ | लक्षित समुह लक्षित रोजगारी कार्यक्रम विकास गरिने छ। | | | | | | |
| | १.दलित, महिला, अपाङ्गता भएका व्यक्तिहरूका लागि विशेष रोजगारी योजना सञ्चालन गर्ने।<br>२.सिमान्तकृत युवाहरूसँग परामर्श र कार्य योजना निर्माण गर्ने।<br>३.विपन्न परिवारलाई लक्षित स्वरोजगारी, उद्यमशीलता कार्यक्रम सञ्चालन गर्ने।<br>४.महिलालाई स्वरोजगारी र उद्यमतर्फ उन्मुख गर्ने तालिम कार्यक्रम सञ्चालन गर्ने। | रोजगार सेवा केन्द्र | स्वास्थ्य तथा सामाजिक विकास शाखा, शिक्षा युवा तथा खेलकुद शाखा, स्थानीय गैरसरकारी संस्था, निजि क्षेत्र, सहकारी | २०८२ - २०८७ | लक्षित समूहका रोजगारीमा समावेश व्यक्तिको संख्या<br>कार्य योजना,<br>तालिम प्राप्त र उद्यम सुरु गरेका महिलाको संख्या | | |
| ५.२ | रोजगारीमा पहुँच स्थापित गर्न नसकेका समुहका लागि सीप विकास सुनिश्चित गरिने छ | | | | | | |
| | १. विद्यालय बाहिर रहेका किशोर किशोरीहरूका लागि प्राविधिक सीप तालिम कार्यक्रम सञ्चालन गर्ने।<br>२.विपन्न वर्ग र बेरोजगार युवालाई रोजगारी सीप, व्यवसायिक सीप, उद्यमशीलता विकास तालिम कार्यक्रम सञ्चालन गर्ने। | रोजगार सेवा केन्द्र | स्वास्थ्य तथा सामाजिक विकास शाखा, शिक्षा युवा तथा खेलकुद शाखा | २०८२ - २०८७ | तालिममा सहभागीको संख्या र प्रमाणपत्र प्राप्त गर्ने संख्या<br>सीप अनुसार रोजगारीमा आबद्ध हुने युवाको संख्या | | |



Scanned with CamScanner

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| ५.३ | अनौपचारिक क्षेत्रमा क्रियाशील श्रमशक्तिलाई सामाजिक सुरक्षा र रोजगारी प्रोत्साहनमा पहुँच सुनिश्चित गरिने छ। | | | | | | |
| | १.अनौपचारिक क्षेत्रका श्रमिकको तथ्याङ्क संकलन गर्ने।<br>२.सामाजिक सुरक्षा कोष अन्तर्गत श्रमिकहरूलाई जानकारी तथा पहुँच विस्तार अभियान सञ्चालन गर्ने।<br>३.अनौपचारिक श्रमिकका लागि बीमा योजना प्रवर्द्धन गर्ने। | बडिमालिका नगरपालिका | सामाजिक सुरक्षा कोष, रोजगार केन्द्र | २०८२ - २०८७ | जानकारी प्राप्त र दर्ता भएका श्रमिकको संख्या, बीमा योजनामा आबद्ध लाभग्राहीको संख्या | | |
| ५.४ | रोजगारीका लागि, सीप विकास, उद्यमशिलता तथा स्वरोजगार सम्बन्धी कार्यक्रमहरूमा लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण प्रवर्द्धन गरिने छ। | | | | | | |
| | १.महिला, जनजाति, दलितका लागि लक्षित उद्यम विकास तालिम सञ्चालन गर्ने तथा त्यस्ता तालिम कार्यकममा प्राथमिकता निर्धारण गर्ने।<br>२.लैङ्गिक समानता र सामाजिक समावेशीकरण प्रवर्द्धन गर्ने कार्यशाला तथा अभियान सञ्चालन गर्ने। | स्वास्थ्य तथा सामाजिक विकास शाखा | रोजगार सेवा केन्द्र, समावेसी समूह संजाल, वडा कार्यालय | २०८२ - २०८७ | लैङ्गिक समानता र सामाजिक समावेसी सहभागीको प्रतिशत र उद्यम सुरु गर्नेको संख्या, कार्यशालामा सहभागी संख्या र सहभागिताको समावेशी अनुपात | | |



Scanned with CamScanner

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| ६ | **रणनीति ६ : सहकार्य, समन्वय र साझेदारीमार्फत रोजगारीमैत्री नीति तथा कार्यक्रमको प्रभावकारी कार्यान्वयनको सुनिश्चितता** | | | | | | |
| | ६.१ तीन तह सरकारबीच नीति समन्वय, सहकार्य र साझेदारी सुनिश्चित गरिने छ। | | | | | | |
| | १. रोजगारसम्बन्धी कार्य योजना निर्माण गर्दा संघ, प्रदेश सरकारका नीति योजनासँग तादम्यता कायम गर्ने।<br>२.संघ, प्रदेश सरकारका अनलाइन मध्यम, समन्वय प्लेटफर्महरूमा सहकार्य, समन्वय गर्ने।<br>३.नीतिगत दस्तावेजहरू अद्यावधिक तथा साझा गर्ने प्रणाली विकास तथा प्रभाकारी कार्यान्वयन गर्ने। | बडिमालिका नगरपालिका | प्रदेश सरकार, संघीय मामिला तथा समन्वय प्रशासन मन्त्रलय, श्रम रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय | २०८२ - २०८७ | तर्जुमा गरिएको कार्ययोजा, अनलाइन मध्यम वा प्लेटफर्महरूको प्रयोग संख्या, साझा गरिएका दस्तावेजहरू | | |
| ६.२ | **निजि क्षेत्र, सहकारी, नागरिक समाज र गैरसरकारी संस्थाहरूसँग समन्वय, सहकार्य र साझेदारी विस्तार गरिने छ।** | | | | | | |
| | १. रोजगारसम्बन्धी बहुक्षेत्रीय समन्वय संयन्त्र निर्माण गर्ने<br>२. सार्वजनिक -निजि साझेदारीमा सीप विकास कार्यक्रम सञ्चालन गर्ने। | बडिमालिका नगरपालिका | निजि क्षेत्र, सहकारी, बैंक, गैरसरकारी संस्था, विकास साझेदार संस्था | २०८२ - २०८७ | समन्वय संयन्त्र, तालिमको संख्या र प्रशिक्षार्थीको संख्या मेलाको संख्या र सहभागिता | | |



Scanned with CamScanner

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | ३. रोजगार मेला, सीप मेला सञ्चालन गर्ने। | | | | | | |
| ६.३ | **साझा योजना, कार्यक्रम र अनुगमन प्रणाली विकास गरिने छ।** | | | | | | |
| | १.रोजगार कार्यक्रमको साझा योजना ढाँचा विकास गर्ने।<br>२. एकीकृत अनुगमन उपकरण/चेकलिष्ट निर्माण गर्ने।<br>४. बार्षिक कार्य प्रगतिमा साझा समीक्षा कार्यक्रम सञ्चालन गर्ने। | प्रशासन योजना तथा अनुगमन शाखा | निजि क्षेत्र, सहकारी क्षेत्र, गैर सरकारी संघ संस्था, श्रम कार्यालय, जिल्ला समन्वय समिति | २०८२ - २०८७ | साझा ढाँचा निर्माण र प्रयोगमा आएको संख्या, साझा चेकलिष्टको प्रयोग संख्या, बार्षिक समीक्षा बैठक संख्या | | |
| ६.४ | **रोजगार सेवा केन्द्रको सुदृढिकरण गर्दै सार्वजनिक रोजगार सेवाको प्रवर्द्धन गरिने छ।** | | | | | | |
| | १. रोजगार सेवा केन्द्रमा जनशक्ति तथा प्रविधि विस्तार गर्ने।<br>२. सेवा प्रवाहसम्बन्धी आवश्यक निर्देशिका तथा कर्यबिधिहरू निर्माण तथा समय सापेक्ष संसोधन गर्ने।<br>३. रोजगार सूचना व्यवस्थापन प्रणाली सञ्चालन अथवा प्रदेश तथा संघीय सरकारको सूचना व्यवस्थापन प्रणालीमा आवद्ध गर्ने | बडिमालिका नगरपालिका | रोजगार सेवा केन्द्र, प्रदेश मन्त्रालय (सामाजिक विकास मन्त्रलय), श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रलय, विकास | २०८२ - २०८७ | जनशक्ति वृद्धि र सेवाबाट लाभान्वित संख्या, नीतिगत मार्गदर्शनको विकास तथा प्रयोग, MIS प्रणाली सञ्चालन र अद्यावधिक दर, सेवाबाट लाभान्वित हुने श्रमिकहरूको संख्या | | |



Scanned with CamScanner

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | ४ सार्वजनिक रोजगार सेवाको प्रवर्द्धन गर्दै एकीकृत रोजगार सेवा सञ्चालन गर्ने।<br>५. रोजगार सेवा केन्द्रको सञ्चार रणनीति निर्माण र सार्वजनिक प्रचारप्रसार अभियान सञ्चालन गर्ने। | | साझेदार संस्थाहरू | | | | |

८.२. रोजगार रणनीति नतिजा खाका

| क्र.सं. | नतिजा सूचक | एकाइ | आधार तथ्याङ्क | लक्ष्य आर्थिक वर्ष अनुसार | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | | | २०८२/०८३ | २०८३/०८४ | २०८४/०८५ | २०८५/०८६ | २०८६/०८७ |
| १ | तालिम प्राप्त व्यक्तिको संख्यामा वृद्धि, स्वरोजगारमा लागेकाको प्रतिशत | संख्या /प्रतिशत | | | | | | |
| २ | नवस्थापित उद्यम, व्यवसायको संख्या, अनुदान प्राप्त लाभग्राही संख्या | संख्या | | | | | | |



Scanned with CamScanner

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| ३ | सामाजिक सुरक्षा प्रणालीमा समावेश लाभग्राही संख्या | जना | | | | | | | |
| ४ | श्रम सम्बन्धी उजुरीको संख्या र समाधान दर | संख्या | | | | | | | |
| ५ | योजना अन्तर्गत श्रमिक संलग्नता प्रतिशत | प्रतिशत | | | | | | | |
| ६ | कृषि/उद्योग क्षेत्रमा थपिएका श्रमिकको संख्या | जना | | | | | | | |
| ७ | अद्यावधिक तथ्याङ्क हुने दर, रोजगार तथ्याङ्क प्रकाशन | प्रतिशत/ प्रकाशन संख्या | | | | | | | |
| ८ | विश्लेषण प्रतिवेदनको संख्या, निर्णयमा प्रयोग | संख्या | | | | | | | |
| ९ | लक्षित समूहबाट लाभ लिने संख्यामा वृद्धि | प्रतिशत | | | | | | | |



Scanned with CamScanner

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| १० | पिछडिएको समुदायबाट रोजगारीमा संलग्नको संख्या | संख्या | | | | | | | |
| ११ | साझेदार संस्थाको संख्यामा वृद्धि, सहकार्य परियोजना संख्या | संख्या | | | | | | | |
| १२ | समन्वय बैठक संख्या, निर्णय कार्यान्वयनन दर | संख्या/प्रतिशत | | | | | | | |

नगर प्रमुख



Scanned with CamScanner

**स्रोत परिचालन र बजेटको व्यवस्थापन**

यस रणनीतिक योजना कार्यान्वयननका लागि आवश्यक पर्ने स्रोत तथा वित्त व्यवस्थापन नेपाल सरकार, प्रदेश सरकार, नगरपालिकाको आन्तरिक स्रोत र विकास साझेदारहरूबाट प्राप्त हुने अपेक्षा गरिएको छ। प्राप्त स्रोत साधनहरूको परिचालन तथा व्यवस्थापन नगरपालिकाको वार्षिक नीति तथा कार्यक्रम र बजेटमार्फत नियमित रूपमा गरिने छ। रणनीतिक योजनाको प्रभावकारी कार्यान्वयननको लागि प्रदेश सरकार, संघीय सरकार, निजी क्षेत्र, सहकारी, विभिन्न विकास साझेदारहरू र स्थानीय गैरसरकारी संघसंस्याहरूसँग समन्वय, सहकार्य र साझेदारी प्रक्रिया अवलम्बन गर्न सकिने छ।

नगर प्रमुख



Scanned with CamScanner

खण्ड -१०

## रणनीतिक योजनाको निर्देशक समिति अनुगमन र मूल्याङ्कनसम्बन्धी व्यवस्था

**१) निर्देशक समिति :** बडिमालिका नगरपालिकाले श्रम तथा रोजगारसम्बन्धी सेवाहरूलाई व्यवस्थित, गुणस्तरीय बनाउन तय गरेका नीति, कानुन र योजनाहरूको प्रभावकारी कार्यान्वयननका लागि देहायबमोजिमको स्थानीय निर्देशक समिति रहने छ।

| | |
|---|---|
| क) नगर प्रमुख | अध्यक्ष |
| ख) नगर उपप्रमुख | उपाध्यक्ष |
| ग) वडाध्यक्षहरू मध्येबाट नगर प्रमुखले तोकेको दुई जना | सदस्य |
| घ) कार्यपालिका सदस्यहरू मध्येबाट नगर प्रमुखले तोकेको एक जाना महिला | सदस्य |
| ङ) नगरपालिकाको प्रमुख प्रशासकीय अधिकृत | सदस्य |
| च) रोजगार संयोजक | सदस्य सचिव |

**२) समितको बैठकसम्बन्धी व्यवस्थाः** निर्देशक समितिको बैठक अध्यक्षले तोकेको मिति, समय र स्थानमा बस्ने छ, र सो बैठकको अध्यक्षता समितिका अध्यक्षले गर्ने छ। समितिको बैठकका लागि सम्पूर्ण सदस्य संख्याको पचास प्रतिशतभन्दा बढी सदस्यहरू उपस्थित भएमा गणपूरक संख्या पुगेको मानिने छ। समितिबाट गरिएका निर्णयहरू सदस्य सचिवले प्रमाणित गरी राख्नु पर्ने छ। बैठकसम्बन्धी अन्य कार्यविधिहरू स्थानीय निर्देशक समितिले आफैंले निर्धारण गरेबमोजिम हुने छ।

**३) निर्देशक समितिको काम, कर्तव्य र अधिकारः** स्थानीय निर्देशक समितिको काम, कर्तव्य र अधिकार देहायबमोजिम हुने छ :-

(क) नगरपालिका भित्रको श्रम बजारको माग र विद्यमान जनशक्तिको उपलब्धताको विश्लेषण र प्रक्षेपण गर्ने,

(ख) बेरोजगार व्यक्तिका लागि रोजगार वा स्वरोजगारको व्यवस्था गर्न आवश्यक नीति नगरकार्यपालिका समक्ष सिफारिस गर्ने,

(ग) नगरपालिका भित्रको बेरोजगार व्यक्तिको तथ्याङ्क अद्यावधिक अभिलेख तयार गर्न रोजगार सेवा केन्द्रलाई मार्गदर्शन गर्ने,

(घ) नगरपालिका भित्रको, रोजगारदाता, तालिम सेवा प्रदायक, अन्तरिक रोजगारीमा रहेका व्यक्ति, बैदेशिक रोजगारीमा रहेका व्यक्ति, श्रम तथा रोजगारसम्बन्धी सेवा प्रदायकहरूको तथ्याङ्क अद्यावधिक अभिलेख तयार गर्न रोजगार सेवा केन्द्रलाई मार्गदर्शन गर्ने,

(ङ) स्थानीय तहभित्र सञ्चालित रोजगार कार्यक्रम तथा बेरोजगार सहायता कार्यक्रमको अनुगमन तथा मूल्याङ्कन गर्ने,

(च)नगर कार्यपालिकाले दिएको मार्गदर्शनबमोजिम काम गर्ने।



नगर प्रमुख

४) अनुगमन र मूल्याङ्कनसम्बन्धी व्यवस्था

रणनीतिक योजना कार्यान्वयननको चरणमा आउन सक्ने समस्या वा बाधाहरू समयमै पहिचान एवम् न्यूनीकरण गर्दै कार्यान्वयननलाई लक्ष्य उन्मुख बनाउनको लागि देहाएबमोजिमको व्यवस्था गरिएको छ।

**आवधिक समीक्षा**

रणनीतिक योजना कार्यान्वयननको निरन्तर अनुगमनका लागि नगरपालिकामा एक अनुगमन संयन्त्र स्थापना गरिने छ। सोको पृष्ठपोषणका आधारमा योजनामा उल्लेखित क्रियाकलापको वार्षिक रूपमा समीक्षा गरिने छ।

**मध्यावधी मूल्याङ्कन**

योजना कार्यान्वयननको तीन वर्षपछि गरिने छ। मध्यावती मूल्याङ्कन गर्दा उक्त अवधिसम्म हासिल भएका उपलब्धि एवम् कार्यान्वयननको सन्दर्भमा देखिएका कमी कमजोरी वस्तुगत विश्लेषण गरिने छ। मूल्याङ्कन अवधिमा भएका कानुनी तथा नीतिगत परिवर्तन उपलब्ध स्रोत साधनहरूको समेत समीक्षा गरी प्राप्त सुझावको आधारमा आवश्यकता अनुसार रणनीतिमा परिमार्जन गर्न सकिने छ।

**अन्तिम मूल्याङ्कन:**

योजना कार्यान्वयननको अन्तिम अथवा पाँचौं वर्षमा चालु रणनीति योजनाको अन्तिम मूल्याङ्कन र आगामी रणनीतिक योजनाको पूर्व तयारी गरिने छ। यो मूल्याङ्कनबाट प्राप्त अनुभव तथा पृष्ठपोषणलाई दोस्रो रणनीति योजना निर्माणको आधारका रूपमा लिइने छ।

नगर प्रमुख



Scanned with CamScanner

**जोखिम व्यवस्थापनः**

रणनीतिक योजना कार्यान्वयननको चरणमा आउन सक्ने जोखिमहरूलाई देहायबमोजिम उल्लेख गरिएको छ।

क) स्रोतको व्यवस्थापन

ख) सरकारी, गैर सरकारी र निजि क्षेत्रबीच प्रभावकारी समन्वय

ग) संघ, प्रदेश र स्थानीय तहको प्राथमिकताको सामन्जस्यता

घ) नीतिको स्वीकार्यता, निरन्तरता र कार्यान्वयनन

बडिमालिका नगरपालिकाको रोजगार रणनीति कार्यान्वयननका क्रममा आउन सक्ने सम्भावित जोखिमहरूलाई न्युनिकरण गर्न पूर्वतयारीका साथ स्पष्ट जोखिम व्यवस्थापन योजना आवश्यक हुन्छ। स्रोत व्यवस्थापनको चुनौतीलाई सम्बोधन गर्न बजेटको पूर्वानुमान, प्राथमिकताका आधारमा कार्यक्रम छनोट, र संघ, प्रदेश तथा साझेदार निकायहरूसँग सहकार्यद्वारा स्रोत परिचालन गरिने छ। सरकारी, गैर सरकारी तथा निजी क्षेत्रविच प्रभावकारी समन्वय कायम गर्न नियमित समन्वय वैठक, साझेदारी संयन्त्र स्थापना, र स्पष्ट भूमिकाको निर्धारणमार्फत आपसी उत्तरदायित्व तथा सहकार्य वर्द्धन गरिने छ।

त्यसैगरी संघ, प्रदेश र स्थानीय तहको प्राथमिकता बिच सामन्जस्यता कायम गर्न नगरपालिकाले रणनीतिक समन्वय तथा संवाद, र सहकार्यमा जोड दिने छ। त्यसैगरी, नीतिको स्वीकार्यता, निरन्तरता र कार्यान्वयनन सुनिश्चित गर्न सबै सरोकारवालाको सहभागिता सहित नीति निर्माण, राजनीतिक तथा प्रशासनिक तहमा स्वामित्व विकास, र अनुगमन प्रणालीको सुदृढीकरण गरिने छ। यी रणनीतिक उपायहरूले रोजगार रणनीति कार्यान्वयननमा आउने प्रमुख जोखिमहरूलाई न्युनिकरण गरी दीगो र प्रभावकारी कार्यान्वयनन सुनिश्चित गर्ने अपेक्षा गरिएको छ।

नगर प्रमुख



Scanned with CamScanner